# धर्मकीर्ति

धर्मकीर्ति
The Dharmakirti




धर्मकीर्ति विहारको विस्तारित भवन निर्माणार्थ काठमाडौं महानगर पालिकाबाट दोस्रो चरणमा दिइएको अनुदान रकमको चेक मेयर विद्या सुन्दर शाक्यज्यू र उपमेयर हरीप्रभा खड्गी श्रेष्ठज्यूले सामूहिक रूपमा विहार प्रमुख धम्मवती गुरुमांलाई हस्तान्तरण गर्नुभएको ।

वर्ष: ३९, अङ्क: ११

बु.सं. २५६५, सि पुन्हि

अनिच्चावत संखारा उप्पादवय धम्मिनो
उपज्जित्वा निरूज्झन्ति तेसं वूपसमो सुखो







*बुन्हि :*
२०५१ दिल्लागाः अष्टमि
(वि.सं. १९८८ भाद्र १९ गते
शुक्रबाः)

*मदुगु न्हि :*
११४२ थिंलागाः द्वितीया
(वि.सं. २०७८ पौष ६ गते
मंगलबाः)

# मदुम्ह द्रब्यमान सिं तुलाधर

थेरवादी, वज्रयानी लगायत नेपाःया अमूल्य सम्पदा, देव देवालय, पुनः निर्माण याय्‌गु ज्याय् न्ह्यलुवाः जुयादीम्ह, बुद्ध शासन चीरस्थायी याय्‌त अप्वलं अप्वः कुशल कार्य यानादीम्ह **दानी श्री द्रव्यमानसिं तुलाधर साहुजुया** अनन्त गुण स्मरण यासे वय्‌कःयात सुगति सहित निर्वाण हेतुया आशिका यानाच्वना । अथेहे वय्‌कःया तिरिमय्‌जु बसुन्धरा तुलाधर लगायत भम्चा मय्‌जु रीना तुलाधर (शाक्यधीता नेपालया सदस्य) सहित सकल परिवारयात धैर्य धारण याय्‌तु शक्ति प्राप्तज्वीमा धकाः आशिका यासे बिचाः हायका च्वना ।

मीना ............................
**मीना तुलाधर**
*सचिव*

इन्दावती ............................
**भिक्षुणी इन्दावती गुरुमां**
*अध्यक्ष*

Shakyadhita Nepal 2012

# शाक्यधीता नेपाल

*प्रकाशक र विशेष सल्लाहकार*

**भिक्षुणी धम्मवती**

फोन: ५३५९४६६

*सम्पादक*

**भिक्षुणी वीर्यवती**

**फोन: ९८४१५३४१०९**

*सम्पादन सहयोगी*

**भिक्षुणी शुभवती**

**फोन: ९८४१३२९००५**

*व्यवस्थापकहरू*

**ध्रुवरत्न स्थापित**

फोन: ९८४१२६३३५५

**इन्द्रमान महर्जन**

फोन: ९८४१४३४५७२

*कार्यालय*

**धर्मकीर्ति बौद्ध अध्ययन गोष्ठी**

**धर्मकीर्ति विहार**

श्रीघः नघःटोल

पोष्ट बक्स नं. ४९९२, काठमाडौं

फोन: ५३५९४६६

email: gurumawiryawati@gmail.com

subhawati26@gmail.com

बुद्ध सम्बत् २५६५

नेपाल सम्बत् ११४२

इस्वी सम्बत् २०२२

बिक्रम सम्बत् २०७८

| | | |
|---|---|---|
| विशेष सदस्य | रु. २०००/- वा सो भन्दा बढी |
| वार्षिक | रु. १००/- |
| यस अङ्कको | रु. १०/- |


# धर्मकीर्ति


(बौद्ध मासिक)

# THE DHARMAKIRTI

## A Buddhist Monthly

**16th FEB 2022**

| वर्ष- ३९ | अङ्क- ११ | सि पुन्हि | फागुन २०७८ |
|---|---|---|---|


"अत्ता हवे जितं सेय्यो-या चायं इतरा पजा
अत्तदन्तस्स पोसस्स-निच्चं सञ्ञतचारिनो
ने'व देवो न गन्धब्बो-न मारो सह ब्रह्मुना
जितं अपजितं कयिरा-एवरुपस्स जन्तुनो ।"

मेपिन्त त्याकेगु स्वयाः नं थःत थम्हं त्याकेगु उत्तम, सर्वदा संयमी जुयाः आत्म दमन याना च्वंम्हसित, देव, गन्धर्व, मार, ब्रह्मापिसं नं बुके फैमखु ।

अरुलाई जित्नु भन्दा, आफूलाई जित्नु बेस हो । किनभने आत्मदमन गरी सदा संयमी हुने व्यक्तिलाई देव, गन्धर्व, मार तथा ब्रह्माले पनि जित्न सक्दैनन् ।

**One is ownself conquered is better than all other people conquered, not even a god could change into defeat the victory of a man who has vanquished himself.**

# विषय-सूचि


| क्र.सं. | शिर्षक | | पृष्ठ |
|---|---|---|---|
| १) | बुद्ध वचन | – | १ |
| २) | सम्पादकीय - सुकीर्तिले अमर नाम | – | ३ |
| ३) | धर्म ग्रहण गर्न सिक्नु | – सत्यनारायण गोयन्का | ४ |
| ४) | वेस्सन्तर जातक | – वीर्यवती गुरुमां | ७ |
| ५) | धर्मकीर्ति पत्रिकाको विशेष सदस्यहरू | – | ९ |
| ६) | मनं तुनाथें दान याय्‌दैबलयेया मानसिक सुख | – बुद्ध कुमारी मानन्धर | ९ |
| ७) | संघ प्रवेश परम्परा | – भुवनलाल प्रधान | १० |
| ८) | व्यवहारिक जीवनमा प्रज्ञाको महत्व | – नानी केशरी बज्राचार्य | १६ |
| ९) | बोधिचित्तं बिलिबिलि जाःम्ह द्रव्यमानसिं तुलाधर | – मीना तुलाधर | १८ |
| १०) | धर्मकीर्ति विहारको विस्तारित भवन निर्माणका लागि काठमाडौं महानगरपालिकाबाट दोश्रो चरणको आर्थिक अनुदान | – | २० |
| ११) | शाक्यधिता नेपालको भवन निर्माणार्थ शिलान्यास | – | २३ |


## लोक नीति

**धनमप्पम्पि साधूनं, कूपे वारी व निस्सयो**
**बहुं, वापि असाधूनं, न च वारी व अण्णेव**

भावार्थ- सज्जन सत्पुरुषहरूको धन-सम्पत्ति अलिकति भए तापनि कुवाको पानी जस्तै सबैलाई उपयोगी हुन्छ, दुर्जन-असत्पुरुषहरूको धन-सम्पत्ति धेरै भए तापनि समुद्रको पानी जस्तै कसैलाई पनि उपयोगी हुने छैन ।

**आपं पिवन्तियो नज्जा, रुकखा खादन्तिनो फलं**
**वस्सन्ति कवचिनो मेघा, परत्थाय सतं धनं**

भावार्थ- खोलाहरूले पानी आफै पिउँदैनन्, रुखहरूले आफ्नो फल आफै खाँदैनन्, बादलले मन परेको कुनै ठाउँमा मात्र वर्षा गर्दैन । त्यसरी नै सत्पुरुषहरूको धन सम्पत्ति पनि । उनीहरूको आफ्नो नीजि भलाईको लागि मात्र नभई अर्काको प्रयोजनको लागि पनि हुन्छ ।

**अपाथेय्यं न पत्थेय्य, अचिन्तेय्य न चिन्तये**
**धम्ममेव सुचिन्तेय्य, कालं मोघं न अच्चये**

भावार्थ- अयोग्य वस्तुको लागि प्रार्थना नगर्नु । अयोग्य कारणको चिन्तना नगर्नु । धर्म सम्बन्धि कुरा मात्र राम्ररी चिन्तना गर्नु । अमूल्य समयलाई ब्यर्थमा नगुमाउनु ।

## The Aphorisms of Ashin Janakabhivamsa

- *If you do a good turn, you will naturally get thanks.*
- *Bad thoughts occur spontaneously. Good thoughts occur only when the mind is alert. It is always good to be on the alert.*
- *Goodness is apparent when compared with badness, just as beauty is when compared with ugliness.*
- *In this world, it is more difficult to keep one's prestige than to achieve it.*
- *In the scope of the Buddha's teachings, there are as many things to note as there are many things to practice.*

**धर्मकीर्ति पत्रिकालाई चन्दा सहयोग**
**दाता कमला सिंह कुलेश्वरबाट**
**रु. ५,०००/–**

## ▪ सम्पादकीय ▪

# सुकीर्तिले अमर नाम

बुद्ध शिक्षा अनुसार आफ्नो र अरूको भलो सोचेर काम गर्ने र कुरा गर्न सक्नु नै पुण्य कार्य हो । तर आफ्नो स्वार्थ पूरा गर्नको लागि अरूको अहित हुने काम गर्नु र कुरा गर्नु नै पाप कार्य हो । यसरी भगवान् बुद्धले परोपकारी कार्यलाई मान्यता दिनुहुँदै "वृक्षारोपण गर्नु, फूलवारी बनाउनु, पूल बनाउनु, पाटी पौवा जस्ता सम्पदाहरूको संरक्षण गर्नु, पानी पिउनको लागि कुवा बनाइदिनु, स्वास्थ्य सेवा कार्य गर्नु, औषधि उपचार गरी सेवा पुऱ्याउनु आदि सबै पुण्य कार्य हुन् भन्नुभएको छ ।

माथि उल्लेखित ज्ञानबर्द्धक कुराहरू भिक्षु मौग्गलिपुत्त तिस्स मार्फत सम्राट अशोकले सुनेपछी यसरी विचार गरे– "म त जनताको संरक्षक बन्नेछु ।" यति मनमा सोची उनले बाटोको दाँया बाँया बृक्षारोपण गरिदिए । फलस्वरुप बाटोमा हिंडेर थकाइएका बटुवाहरूले रूखको शीतल छहारीमा बसी शीतलता तापी थकाई मार्न पाए । पानी पिउनका लागि ठाउँ ठाउँमा कुवा र इनारहरू खनियो । आराम लिनका लागि पाटी पौवाहरू बनाइदिए । अस्पतालहरू बनाइयो । यसरी सम्राट अशोकले पशुहरूको लागि समेत अस्पताल बनाइदिए । इतिहासमा पहिलोपटक पशुहरूका लागि अस्पताल बनाउने व्यक्ति बन्यो उनी । महिलाहरूका लागि विशेष सुविधा प्राप्त अस्पताल पनि बनाइदिए उनले । त्यतिमात्र कहाँ हो र ? ढोका पालेलाई उनले यसरी आदेश दिने गर्थे –

"यदि कुनै पनि जनतालाई कुनै आपद दुःख, पीडा परेर दरवारमा दुखेसो पोख्न आएमा उसको लागि हरेक समय दरवारको ढोका खुल्ला रहने छ । उसको समस्या समाधान गरिदिनेछु ।"

यसरी सम्राट अशोक जनताका संरक्षक बन्दै उनीहरूको समस्या समाधान गरी पुण्य कमाउन सफल भएका थिए । जुन व्यक्तिले यसरी निस्वार्थपूर्वक समाज, देश र संसारमा परोपकार कार्य गर्दै आफ्नो सुकीर्तिको छाप छोड्न पछि पर्दैन, उसले आफ्नो शरीर त्यागेर गए पनि उसको सुकीर्तिले सदा अमर भई जगमगाई रहने गर्छ । त्यसैले भनिएको छ –


**"रुप जीरति मच्चानं नाम गोत्तं नजीरति"**

"रूप प्रतिपल नाश हुँदै एकदिन विलिन भएर जानेछ । तर त्यस रूप (शरीर) को आधार लिई गरिएको असल कार्यको कीर्ति र योगदानहरू र उसको नाम संसारमा अमर भइरहने गर्छ ।"

यस गाथाको महत्व बुझ्ने व्यक्तिले आफ्नो जीवनकालमा यस्ता असल कार्यहरू गर्ने मौका चुकाउँदैन । सकेसम्म आफ्नो अमूल्य जीवनको सदुपयोग गर्दै परोपकारी कार्य गरिरहेका नै हुन्छन् । यसप्रकारका चलाक एवं बुद्धिमान व्यक्तिहरू आज पनि हामीले देखिरहेका छौं । उदाहरणको लागि काठमाडौं महानगर पालिकाको प्रतिनिधित्व गर्नुहुँदै मेयर विद्या सुन्दर शाक्य, उपमेयर हरीप्रभा खड्की श्रेष्ठ लगायत महानगरपालिका सपरिवारले आ-आफ्नो कार्यक्षेत्र भित्रका कतिपय मठ मन्दिरहरू जीर्णोद्धार कार्यमा सक्दो योगदान पुऱ्याउनु भएको देखिन्छ । नयाँ निर्माण गर्नुभन्दा पहिलादेखि निर्मित तर जीर्ण भइसकेका कतिपय साँस्कृतिक धरोहरहरू पुनः निर्माण एवं मर्मत गरी देशको सम्पदा सुरक्षा गर्ने कार्यमा देशको पुँजी सदुपयोग गरिएका कार्य प्रशंसनिय रहेको छ । यही सिलसिलामा बुद्ध शासन चिरस्थायी गर्ने कार्यमा लागि परेका कतिपय विहारहरूको मर्मत, पुनः निर्माण, जिर्णोद्धार कार्यमा पनि महानगरपालिकाले अनुदान सहयोग प्रदान गरिरहेको देखिन्छ । यसको साथै बौद्ध परियत्ति शिक्षा सञ्चालनार्थ पनि महानगरपालिकाले सक्दो सहयोग पुऱ्याइएको देखिन्छ । अति सराहनिय कार्य हो यो ।

धर्मकीर्ति विहारको उत्तरतर्फ रहेको पुरानो भवन हाल धर्मकीर्ति विहार विस्तारित भवनको रूपमा पुनः निर्माण भइसकेको छ । उक्त भवन निर्माणार्थ बि.सं. २०७७ साल मंसिर २० गते काठमाडौं महानगरपालिकाका मेयर श्री विद्या सुन्दर शाक्यज्यूले शिलान्यास गर्नुभएको थियो । स्मरणीय छ, काठमाडौं महानगरपालिका सम्पदा

*( बाँकी १५ पेजमा हेर्नुहोला )*



# धर्म ग्रहण गर्न सिक्नु

✍ **सत्यनारायण गोयन्का**

धर्म प्रेमी सज्जन तथा सन्नारीहरू !!

आऊ, एक पटक फेरि धर्म के हो बुझौं। धर्मको शुद्ध स्वरूप के हो बुझौं। धर्मको सार्वजनिन स्वरूपलाई बुझौं। धर्मको सारलाई बुझौं। धर्मको सारलाई नै बुझेनौं भने धर्मलाई कसरी ग्रहण गर्ने ? धर्मलाई ग्रहण गरिएन भने धर्मबाट जुन लाभ प्राप्त हुनु पर्ने हो त्यो प्राप्त हुँदैन र धर्म गफ गाफ गर्ने एउटा विषय मात्र हुनेछ, सुन्ने-सुनाउने एउटा विषय मात्र हुनेछ, चर्चा-परिचर्चा गर्ने एउटा विषय मात्र हुनेछ। वाद-विवादको एउटा विषयमात्र हुनेछ। यो एउटा मनोरञ्जनको विषय, मन बहलाउने विषय मात्र हुनेछ। धर्मको सारबाट बञ्चित हुनेछ र धर्मबाट प्राप्त हुने लाभबाट बञ्चित रहनेछ।

धर्म त ग्रहण गर्ने विषय हो। अब ग्रहण के को गर्ने र धर्म के लाई भन्ने, यी प्रश्नहरू मनमा आउनु स्वाभाविक हो। यी प्रश्नहरूको ब्याख्या एकदम सरल र सीधा तरिकाले गरिएका छन्। तर हामीले त्यसलाई तोडेर - मोडेर कठिन बनाएका हौं। यसैको कारण हामी धर्मबाट बञ्चित भयौं र दुःखी हुन पुग्यौं। धर्मको सबैभन्दा सीधा र सरल ब्याख्या भन्नुपर्दा शुद्ध चित्तको आचरण नै धर्म हो र फोहोर चित्तको आचरण नै अधर्म हो। धर्म छ भने सुख शान्ति र चैन प्राप्त हुन्छ। अधर्म छ भने दुःख नै दुःख, अशान्ति नै अशान्ति, दिक्कदारी नै दिक्कदारी।

जब चित्त निर्मल हुन्छ तब त्यस निर्मल चित्तको आचरण बडो कल्याणकारी हुन्छ। सदाचरण बन्दछ। आफ्नो पनि मङ्गल अरूको पनि मङ्गल गर्दछ। आफ्नो पनि कल्याण र अरूको पनि कल्याण गर्दछ। आफ्नो लागि पनि सुख-शान्ति निर्माण गर्ने र अरूको लागि पनि सुख शान्तिको वातावरण निर्माण गर्दछ। आचरणमा शुद्ध धर्म छाउनाले मङ्गल नै मङ्गल, कल्याण नै कल्याण हुन्छ। यसको ठीक उल्टो मन मैलो भयो भने विकारले भरिन्छ। राग, द्वेष र दुर्भावना उत्पन्न हुन्छ; क्रोध, इर्ष्या, मात्सर्य र अहंकार बढ्छ; वासना जाग्छ र मन अत्यन्त मैलो हुन्छ।

मैलो चित्तको आचरण अमङ्गलकारी नै हुन्छ, किनकि त्यो दुराचरण हुन्छ। यसको कारणले आफ्नो र अरूको अमङ्गल नै हुने गर्दछ। आफूलाई र अरूलाई पनि पीडा नै दिने गर्दछ। मैलो चित्तको स्वभाव पीडा, दुःख र सन्ताप नै दिने हुन्छ। धर्मको यी सीधा-सीधा कुरालाई बिर्सेर बेकारमा अन्य जन्जालमा पर्छौं, कर्मकाण्डलाई धर्म मान्ने, कुनै व्रत-उपवास तथा तीज-त्यौहारलाई धर्म मान्ने गरिन्छ। कुनै पर्व, उत्सव तथा भेष-भूषालाई धर्म मान्ने गरिन्छ। कुनै रीति-रिवाज अथवा दार्शनिक मान्यतालाई धर्म मान्ने गरिन्छ। धर्मको सारलाई बुझ्दैनौं, धर्मको सारलाई जीवनमा उतार्ने कोशीश गर्दैनौं, आचरणमा ल्याउने प्रयास गर्दैनौं तब धोखा नै धोखा भयो, धोखा नै धोखा भयो।

धर्म जब ब्यवहारमा उत्रीन्छ, जीवनमा उत्रीन्छ तब नै मङ्गलकारी हुन्छ। नत्रभने धर्म ग्रन्थमा रहेको धर्म, पोकोमा बाँधिएको धर्म, प्रवचन सुन्नु नै धर्म ठान्छौं, जीवनमा उतार्ने-ब्यवहारमा उतार्ने प्रयास गर्दैनौं तब दुर्भाग्य नै हुने भयो। धर्म धारण गर्दा नै जीवनमा सुख-शान्ति प्राप्त हुन्छ। धर्म धारण नगरि केवल चर्चा नै चर्चा, केवल कुरा नै कुरा मात्र भयो भने सुख शान्ति कहाँ हुन्छ ?

एकजना महान सन्तले भन्नु भएको छ –

**"कथै, बदै सुणै सब कोई; कथै बढै सुणै सब कोई" ।**

"कथै" मतलब राम्रो भनियो। बोल्ने ब्यक्तिले बोल्यो, भन्ने ब्यक्तिले राम्रो भन्यो, भन्ने-बोल्नेलाई पनि लत लाग्ने रहेछ। धर्मको कुरा खूब गरिन्छ। "बदै" बोल्ने ब्यक्तिलाई बोल्ने ब्यसन लाग्छ। धर्मको कुरा खूब बोलिन्छ "सुणै" सुन्ने ब्यक्तिलाई पनि सुन्ने ब्यसन लाग्दछ। खूब सुन्न थाल्छ। तर बोलेर सुनेर मात्र कुरा बन्दैन ।

बोलेर - सुनेर प्रेरणा प्राप्त हुन्छ। बोलेर सुनेर मार्गदर्शन प्राप्त हुन्छ, त्यस मार्गमा अघि बढ्नु पर्‍यो। पाईला-पाईला हिँड्न थाल्यो भने नै धर्म ग्रहण हुन थाल्छ। ग्रहण नगरिकन केवल कुरा मात्र भयो, चर्चा मात्र भयो, केवल विवाद, केवल ब्याख्या भयो भने के पाउँछ ? त्यसैले ती सन्तले अगाडि भन्नु भयो –

**कथै न होई, बदै न होई, सुणै न होई**
**"कीयै होई, ओ कियै होई ॥"**

"**कथै न होई**" भनेर केही हुँदैन। "**बदै न होई**" - केबल बोलेर पनि केही हुँदैन। "**सुणै न होई**" - केवल सुनेर पनि केही हुँदैन। त्यसो भए के गर्दा हुन्छ ? त भनियो "**कीयै होई, ओ कीयै होई**" - "जब गरिन्छ अथवा जब धर्म धारण गरिन्छ तब नै कल्याण हुन्छ। ग्रहण नगरिकन केवल चर्चा गर्‍यो भने, कति दुर्भाग्य भयो।

जाडो मौसम छ। एकजना मान्छे जाडोले थरथर काँपिरहेको छ, कराईरहेको छ। सँगै उसको कोट झुन्डयाईराखेको छ। ज्यादै न्यानो, असल कोट छ। उसले त्यो कोटको खूब बयान गर्दैछ, त्यसको ब्याख्या गर्दैछ, वर्णन गर्दैछ। मेरो यो कोट यस्तो, यस्तो ऊनले बुनेको यो यति न्यानो छ। केवल चर्चा नै गर्दै रह्यो आफू ठण्डीले काँपीरहेको छ र पनि त्यो कोट लगाउँदैन भने त्यो जाडोबाट ऊ कसरी बच्न सक्छ। तब त दुर्भाग्य नै भयो ! यो भन्दा ठूलो दुर्भाग्य अरू के हुनसक्छ ?

एक जना तिर्खाएको ब्यक्ति छ। तिर्खाको कारण घाँटी सुकेको छ। अत्यन्त ब्याकुल छ। नजिकै पानी पनि छ। ऊ भने पानीको प्रशंसा गर्दैछ। पानीको गुण गाउँदै बस्दैछ, पानीलाई नमस्कार गर्दै बस्छ, कुवालाई नमस्कार गर्दै, ढोग्दै बस्छ, पानी पिउँदैन भने यो उस्को दुर्भाग्य नै भयो नि, ठूलो दुर्भाग्य नै भयो नि।

भोको ब्यक्ति भोकले अत्यन्त ब्याकुल छ। खानाले भरिएको थाल अगाडि नै छ तर खानाको प्रशंसा मात्रै गर्दै रह्यो, ब्याख्या मात्रै गर्दै रह्यो - कति मीठो खाना, कति असल परिकार भन्दै नमस्कार गर्दै रह्यो भने पेट भर्दैन। भोक मेटिंदैन भोकबाट भएको ब्याकुलता बढ्दै जान्छ। यो त दुर्भाग्य नै भयो नि।

त्यस्तै कोही रोगी ब्यक्ति, रोगले ग्रसीत छ। ऊ अशान्त छ, दुःखी छ। सँगै औषधि राखिएको छ तर औषधि नखाएर केवल औषधिको तारिफ नै गरिबस्यो। औषधिको गुण गाएर नै बस्यो। वैद्य र डाक्टरको बयान गर्दै रह्यो। औषधि खाएन भने कसरी रोग निको हुन्छ। आफ्नो पीडा त कम हुँदैन, दुःखी नै हुन्छ। यो त दुर्भाग्य नैं भयो नि।

ठीक यस्तै प्रकारले जब हामीले धर्मलाई केवल कुराकानी गर्ने विषय, बुद्धि-विलास गर्ने विषय बनायौं। धर्मलाई सुन्ने विषय, छलफल गर्ने विषय मात्र बनायौं। केवल चर्चा नै चर्चा, बहस नै बहस, वाद-विवाद नै वाद-विवाद गरेर मेरो धर्म - तिम्रो धर्म यसै विषयमा झगडा, मारपीट, हत्या गर्न थाल्यौं भने अशान्ति नै अशान्ति फैलिने भयो। मेरो धर्म-तिम्रो धर्म। मेरो धर्म ठूलो, मेरो धर्म महान भनेर के फाईदा। धर्म त ग्रहण गर्नु पर्‍यो नि। आफू भित्र हेर्नु पर्‍यो, आफ्नो चित्त निर्मल हुनुपर्‍यो, आफ्नो विकार हट्नु पर्‍यो।

चित्त निर्मल भयो भने धर्म आचरणमा उत्रिन थाल्छ। तब नै धर्म भयो। चित्तमा क्रोध छ, द्वेष र दुर्भावना छ। एक आपसमा झगडा छ। धर्मको नाममा हिंसा छ। किन यस्तो भयो ? किनकि धर्म ग्रहण गर्न जानिएन।

धर्म सबैको हो, धर्म असीम र अरिमित छ। तर धर्मलाई ससीम बनाईन्छ, सानो बनाईन्छ, साँघुरो बनाईन्छ, तब धर्म बाँकी रहँदैन। धर्म सबैको हो, धर्म सबैको हो। सबैको लागि बराबर कल्याण गर्ने हुन्छ। ज-जस्ले धारण गर्छ उसको कल्याण हुने हो। त्यो ब्यक्ति हिन्दू होस् अथवा बौद्ध, जैन होस् अथवा ईसाई, मुस्लिम होस् अथवा सिक्ख। जुनसुकै नाम राखे तापनि राखियोस् तर धर्म ग्रहण गरियोस्। धर्म धारण गर्नु अर्थात् चित्त निर्मल गर्नु, जीवनको आचरण नै निर्मल चित्तको आचरण हो।

यदि चित्त निर्मल छ भने दुराचरण गर्न नै सक्दैन, कसैको हानी हुने काम गर्न सक्दैन। न आफूलाई दुःख हुन्छ न अरूलाई दुःख हुन्छ, चित्त निर्मल हुने बित्तिकै आफै सुख-शान्ति छाउन थाल्छ। निर्मल चित्तको स्वभाव सार्वजनीन हुन्छ। सबैको हुन्छ। विश्वको कुनै पनि कुनाकाप्चामा रहेको ब्यक्तिले आफ्नो चित्त निर्मल गर्न सक्छ र जीवनमा धर्मको आचरण आउँदछ र जीवन ब्यवहार नै बदलिन्छ, जीवनमा सुख शान्ति छाउँदछ।

कर्मकाण्ड फरक-फरक छन् अलग-अलग समाजको,

अलग-अलग समुदायको, अलग-अलग संगठनको, फरक-फरक समूहको आ-आफ्ना छुट्टा-छुट्टै कर्मकाण्ड हुन्छन् । अलग-अलग ब्रत-उपवास हुन्छन्, छुट्टाछुट्टै चाड पर्व हुन्छन्, आफ्नै उत्सव-महोत्सव हुन्छन्, आफ्नै तौर तरिका हुन्छन्, भिन्न-भिन्न दार्शनिक मान्यताहरू हुन्छन् । तर यी सारा विभिन्नताहरूको धर्मसंग कुनै लिनु-दिनु छैन ।

चित्तको निर्मलतालाई कसरी छुट्याउने, कि यो हिन्दुको चित्तको निर्मलता हो, यो बौद्धहरूको चित्तको निर्मलता हो, यो मुसलमाहरूको चित्तको निर्मलता हो, यो इसाईहरूको चित्तको निर्मलता हो । निर्मलता त निर्मलता हो, त्यसमा के को लेबल लगाउने ? चित्तको निर्मलताको कारण जुन शान्ति महसूस हुन्छ त्यो त सबैलाई हुने हो । त्यो सुख शान्तिको नामकरण गर्न सकिंदैन, जसको चित्त निर्मल हुन्छ उसलाई सुख प्राप्त हुन्छ ।

त्यस्तै पाप अथवा अधर्म पनि त्यस्तै हो । जस्को चित्त मैलो हुन्छ, फोहोर हुन्छ । जस्को चित्तमा द्वेष हुन्छ, दुर्भावना हुन्छ, ईर्ष्या हुन्छ, अहंकार हुन्छ; ऊ ब्याकुल हुन्छ । आफूलाई हिन्दू भनिने ब्यक्ति पनि ब्याकुल हुन्छ, आफूलाई मुसलमान भनिने ब्यक्ति पनि ब्याकुल हुन्छ । आफूलाई ब्राह्मण भन्ने, क्षत्रिय भन्ने, वैश्य शुद्ध भन्ने जो सुकैले विकार जगाउँछ भने ब्याकुल हुन्छ । त्यस्तै भारतीय भने पनि, नेपाली भने पनि, अंग्रेजी भने पनि विकार जाग्यो भने ब्याकुल हुन्छ ।

ठीक त्यस्तै गरि चित्तमा निर्मलता आयो भने सद्‌गुण जाग्दछ मनमा मैत्री, करूणा, सद्‌भावना आउन थाल्छ । मनमा मैत्री पनि आयो, सद्‌भाव पनि आयो त्यसको साथ ब्याकुलता पनि हुनु यस्तो असम्भव कुरा हो । जब चित्त निर्मल हुन्छ तब मैत्री, करुणा सद्‌भावनाले भर्दछ, शान्ति-सुखले भर्दछ, मंगल-कल्याणले भर्दछ चित्तमा निर्मलता छायो भने सद्‌गुण जाग्दछ । ग्रहण नगरिकन केवल धार्मिक भएको नाटक गरेर धर्म कहिल्यै पनि प्राप्त हुँदैन ।


कोही लामो केश भएको ब्यक्ति रिसायो भने जति ब्याकुल हुन्छ त्यत्तिकै लामो दाह्री राख्ने ब्यक्ति रिसायो भने पनि त्यक्तिकै ब्याकुल हुन्छ, त्यस्तै कपाल खौरिएको ब्यक्ति पनि रिसायो भने त्यत्तिकै ब्याकुल हुन्छ । केही फरक हुने छैन । यो बाहिरी आडम्बरले के फरक हुन्छ र ? धर्म ग्रहण गर्नु पऱ्यो । यदि धर्म ग्रहण गऱ्यो भने ब्याकुलता हट्ने भयो । चाहे कोही ब्यक्ति पहेंलो लुगा लगाऊ कि सेतो लुगा लगाऊ के फरक पर्छ र ? मनमा क्रोध छ भने प्रकृति यो कुरा सोच्दैन कि त्यो मान्छेको टाउको खौरेको छ छैन वा कुन रङ्को लुगा लगाएको छ, कस्तो वेषभूषाको ब्यक्ति हो, प्रकृतिले त तुरून्त सजायँ दिई हाल्छ, ऊ तत्काल ब्याकुल भईहाल्छ । म यस्तो कर्मकाण्ड मान्ने, म यस्तो चाड-पर्व मान्ने, म यस्तो पर्व-उत्सव मान्ने, म यस्तो दार्शनिक मान्यता मान्ने अथवा म त्यस्तो कर्मकाण्ड नमान्ने, म त्यस्तो चाड पर्व नमान्ने, म त्यस्तो पर्व-उत्सव नमान्ने, म त्यस्तो दार्शनिक मान्यता नमान्ने यसबाट प्रकृतिको नियममा केही फरक हुँदैन । धर्मको अत्यन्त सीधा नियम कि यदि मन मैलो भयो भने धर्मबाट टाढा भईयो र दण्ड पाउँछ । त्यस्तै जब भित्र विकारबाट मुक्त हुन्छ । फोहरबाट अलग रही निर्मल बन्दछ तब तुरून्त पुरस्कार पाईहाल्छ, मन बडो शान्त हुन थाल्छ, सुख प्राप्त हुन थाल्छ । त्यसैले चाहे जो कोही होस् धर्म धारण गर्नु, धर्म धारण गर्नु ।

जब संसारमा कोही ब्यक्ति शुद्ध बन्दछ; अरहन्त बन्दछ, स्थितप्रज्ञ बन्दछ, अनासक्त बन्दछ । वीतराग बन्दछ, वीतद्वेष बन्दछ, वीतमोह बन्दछ, भव विमुक्त बन्दछ तब त्यस ब्यक्तिमा करूणाले भर्दछ र शुद्ध धर्म वितरण गर्दछ । धर्म कसरी ग्रहण गर्ने हो कुरा सिकाउँदछ । चित्त निर्मल गर्नु पर्छ भन्ने कुरा उपदेश दिने ब्यक्ति त धेरै हुन्छन् तर चित्तलाई निर्मल कसरी गर्ने भन्ने सिक्नु पऱ्यो । विकारका जराहरू कसरी काट्ने भन्ने सिक्नु पऱ्यो, यो विधी सिक्नु पऱ्यो, तब न विकारको जरासम्म काट्न सकिन्छ ।

हामीलाई चित्त निर्मूल गर्ने विद्या सिक्नु छ, त्यस विद्या हासिल गर्नु प्रयत्न गर्नु पऱ्यो, कहाँ गएर सिक्ने जानु पऱ्यो अन्यथा चित्त त्यसै आफै निर्मल त हुँदैन । प्रत्येक ब्यक्तिले प्रयत्न गर्नुपर्छ, परिश्रम गर्नुपर्छ, पुरुषार्थ गर्नुपर्छ, पराक्रम गर्नुपर्छ, मिहेनत गर्नुपर्छ त्यो पनि सही तरिका हुनु पऱ्यो । बश यसो गऱ्यो भने धर्म जीवनमा आईहाल्छ । जति जति फोहोर घट्दै जान्छ त्यति त्यति नै धार्मिक हुँदै जान्छ । बडो सुख हुन्छ, शान्त हुन्छ । धर्म ग्रहण गर्न जानियो भने मंगल नै हुन्छ, कल्याण नै हुन्छ । स्वस्ति - मुक्ति नै हुन्छ ।

*(साभार- 'विपश्यना' बुद्ध वर्ष २५६४, २०७७ कार्तिक, वर्ष ३७, अङ्क ७)*

# वेस्सन्तर जातक



✍ वीर्यवती गुरुमां

भरखर ८ वर्ष मात्र पुगेको बालक युवराज वेस्सन्तरले आफ्नो दानकार्य स्मरण गर्दै सोचिरहे- "मेरो वचपन देखि दान दिंदै आएको चित्तलाई मैले सन्तुष्ट पार्न सकिरहेको छैन। मेरो दान दिने प्रवल इच्छा झन झन बढ्दैछ। पाँच वर्षको छँदा मैले आफ्ना सबै गहनाहरू धाईहरूलाई दिएँ। यसरी नै आफ्नो शरीरमा लगाईदिएका गहनाहरू सबै नौपटकसम्म पनि उतार्दै दान दिइसकें। अब त मलाई मेरो शरीर नै दान दिन मन लागिरहेको छ। मेरो मुटु, आँखा, मासु र रगत आदि ज-जसले जे जे माग्छ, त्यही पदार्थ शरीरबाट झिकेर दान दिन मन लागिरहेको छ मलाई।"

हुँदा हुँदा सोऱ्ह वर्षको जवानी उमेरमा पुगिसकेपछि बोधिसत्व सबै शिल्प शास्त्रहरूमा पारंगत भए। वेस्सन्तरका बुबा संजय राजाले युवराज वेस्सन्तरलाई उनकै मामाकी छोरी मद्दी नाम गरेकी सुन्दरी केटीसंग विवाह गराई राज्याभिषेक गरिदिए। बोधिसत्व वेस्सन्तरले आफू राज्यमा प्रतिष्ठित भइसकेपछि प्रतिदिन ६ लाख सम्पत्ति त्याग गरी महादान दिए। केही वर्ष पछि मद्दी देवीले एक पुत्र जन्माइन्। यस बालकको नाम जाली कुमार राखियो। जालीकुमार हिंड्डुल गर्न सक्षम भइसके पछि उनीले फेरि एक पुत्री जन्माइन्। यस बालिकाको नाम कृष्णाजिनी राखियो।

बोधिसत्व वेस्सन्तर महिनाको ६ दिन अलंकृत हात्तीमाथि चढी दानशालामा रेखदेख गर्नको लागि जाने गर्थे। यसरी उसले आफ्नो मनको इच्छा पूर्ण हुने गरी दान गरी दानपारमिता पुरा गरिरहेका थिए।

एक समय कलिङ्ग राष्ट्रमा अनावृष्टि भई अनिकाल पऱ्यो। त्यसैले जनताहरू राजा समक्ष आफ्नो दुःख पोख्न गए। राजाले जनताहरूसंग सल्लाह माग्दा जनताले जेतुत्तर नगरका वेस्सन्तर राजा महादानी भएको र उसंग भएको मंगल हात्ती ल्याउन पाए कलिङ्ग देशमा वर्षा हुनसक्ने कुरा सुनाए। अनि कलिङ्ग राष्ट्रका राजाले जेतुत्तर नगरबाट सेतो मंगल हात्ती ल्याउनका लागि ८ जवान ब्राह्मणहरू जेतुत्तर नगरतर्फ पठाए।

पूर्णिमाको दिन राजा वेस्सन्तर याचकहरूलाई दानदिनका लागि अलङ्कृत हात्ती माथि चढी पूर्वद्वारबाट दक्षिण द्वारतर्फ अगाडि बढ्दा कलिंग देशका ब्राह्मणहरूलाई देखी उनीहरूको इच्छा बुझ्दा आफ्नो मंगल हात्ती मागेको कुरा थाहा पाए। तब उनले विचार गरे– "मैले आफ्नो टाउको देखि आफ्ना शरीरका हरेक भाग त दान दिन तयार भइरहेको व्यक्ति हुँ। तर यिनीहरूले मेरा शरीरका भाग होइन बाह्य वस्तु मागिरहेका छन्। यिनीहरूको इच्छा पूरा गर्नु मेरो कर्तव्य हो।" यति विचार गरी राजा वेस्सन्तरले आफू हात्तीबाट ओर्लेर अमूल्य गहनाहरूले झकिझकाउ भएका हात्ती दान दिए। हात्तीको साथै त्यस हात्तीलाई देखभाल गर्ने माउतेहरू पनि दान दिए। जब यस मंगल हात्ती दान दिइयो, तब देशभरी हलचल मच्चियो। सारा नगर आकुल व्याकुल भई ठूलो हल्लिखल्लि मच्चियो। ब्राह्मण याचकहरूले मंगल हात्ती लगेको देखेपछि जेतुत्तर नगरवासीहरू क्रोधित भई राजा समक्ष विरोध जुलुस गई यसरी कराउन थाले– "अन्न, वस्त्र, शयनासन आदि चीज वस्तुहरू त याचक ब्राह्मणहरूलाई दान योग्य छ। तर युवराज वेस्सन्तरले कुल परम्परा देखि रक्षा गरी राखिएको देशको रक्षक मंगल हात्तीलाई दान दियो। जुन हात्ती देशको अमूल्य सम्पत्ति हो। यो हात्ती रहेन भने हाम्रो देशमा दुर्भिक्ष हुन सक्छ। यस्तो अमूल्य लक्षणले भरिएको हात्ती दान दिएर हाम्रो राज्य कसरी रक्षा हुन सक्छ ? अब यो राज्यको कुन गति हुने हो कुन्नि ? यदि तपाईंले नागरिकहरूको कुरा सुन्नु भएन भने तपाईंको छोरा वेस्सन्तर सहित तपाईंको राज्य समेत सिवि नगरका जनताहरूले हात पार्नेछन्।"

जनताहरूको यस्तो विरोध आवाज सुनी राजा संजयले विचार गरे– "अवश्य पनि यिनीहरूले मेरो छोरो

वेस्सन्तरलाई हत्या गर्नेछन् ।" यस्तो विचार गरी राजा डराई प्रजागणसंग युवराज वेस्सन्तरको जीवन दान मागी प्रजागणको राय मान्न तयार भए। अनि मंगल हात्ती दान दिएको दण्ड स्वरूप वेस्सन्तरलाई नगरबाट निकाला गरी वंकपर्वतमा पठाइदिने निर्णय गरियो ।

मंगल हात्ति दान दिएको फलस्वरूप आफूलाई प्रजागणको तर्फबाट नगर निकाला गरिएको खवर सुनी युवराज वेस्सन्तरले विचार गरे– "बुद्धत्व प्राप्तिका लागि आफ्नो शरीरका मासु, रगत, आँखा र प्राण समेत पनि दान दिन तयार भइरहेको मैले हीरा, मोती, सुन, चाँदी इत्यादि बाह्य पदार्थहरू मात्र दान दिएसम्म कुनै ठूलो कार्य गरेको ठान्दिन। जनताले मलाई दान दिएको कारणले नगर निकाला मात्रको के कुरा ? मृत्यु दण्ड नै दिए पनि मेरो चित्त दान दिने कार्यबाट कदापि विचलित हुनेछैन ।

तैपनि वेस्सन्तरले जनताहरू समक्ष आफ्नो एक सर्त राख्यो– "मैले जनताहरूसंग भोली एकदिन यस नगरमा रहन पाउने माग राखेको छु। किनभने मैले भोली एकदिन भएपनि सप्तशत दान दिई नगर बाहिर जाने निर्णय गरेको छु ।"

युवराज वेस्सन्तरको यस मागलाई जनताहरूले स्वीकार गरे ।

आफ्ना स्वामी वेस्सन्तर राज्य त्यागी वंक पर्वतमा जाने कुरा सुनेपछि मद्री रानीले पनि आफ्ना छोरा जालीकुमार र छोरी कृष्णाजिनी सहित आफ्ना स्वामीको साथ गई वंक पर्वतमा जीवन गुजार्ने शाहस गरिन् ।

उता राजा सञ्जयकी महारानी वेस्सन्तरकी माता फुसती देवीले आफ्ना दानी पुत्र वेस्सन्तरलाई नगरबाट निकाला गरिने खवरले शोकाकूल भई राजा समक्ष यस कार्यको विरोध गरिन्। तव राजाले उनीलाई सम्झाउँदै भने– "भो रानी ! मलाई मात्र आफ्ना पुत्र वेस्सन्तर मन नपरेको होइन। मेरो राज्य भन्दा पनि मलाई मेरो पुत्र वेस्सन्तर बढी प्रिय छ। तर के गर्नु ? हामी राजाहरू जनताका सहमती अनुसार चल्न सक्नु पर्छ। यो हाम्रो कर्त्तव्य हो। त्यसैले पहिला पहिला देखि चलि आएको सिवी राज्यको झण्डा र सिवी राज्यका जनताका रायलाई गौरव र सम्मान राखी आफ्नो कर्त्तव्य र धर्म पालन गर्दै आज मैले आफूलाई अति मनपर्ने पुत्र युवराज वेस्सन्तरलाई समेत नगरबाट निकाला गर्न लागिरहेको छु। कुनै कारणबाट पनि मैले आफ्नो जनताहरूको इच्छालाई असन्तुष्ट पार्न सक्दिन। प्रजागणलाई सन्तोष पारी उनीहरूको चित्त बुझाउनु नै हाम्रो धर्म हो। राजा भएर मैले प्रजागणको रायतर्फ बढी ध्यान दिनुपर्छ। योग्य, अयोग्य, धर्म र अधर्म उनीहरूले नै बुझ्ने छन् ।

यो कुरो सुनी महारानी फुसती देवीले ज्यादै विलाप गरिन्। महारानीको विलाप सुनी राज भवनका अरू पनि थुप्रै सदस्यहरूले दरवारै थर्किने गरी विलाप गरे ।

भोलीपल्ट युवराज वेस्सन्तरले याचकहरूलाई सप्तशत दान दिई आफ्नो पिता र मातासंग नगर त्याग्न अनुमति मागे। आमा बुबालाई दण्डवत गरी राजभवनबाट निस्केर रथमा बसे ।

राजा रानी दुबैलाई दण्डवत गरी मद्री रानीले शोक नगर्न आग्रह गर्दै आफ्ना छोराछोरी सहित रथमा बस्न गइन् ।

रथमा बसि सकेपछि वेस्सन्तरले आफूलाई भेट्नका लागि पतांगरीमा जम्मा भइरहेका राजभारदार सहित प्रजागणहरूसंग बिदा लिई आफूसंग भएका बस्तुहरू दान दिंदै सबैलाई आशीर्वाद दिंदै रथ अगाडि सारे ।

आफूलाई नगर बाहिरसम्म पुऱ्याउन आएका साथीहरू, मन्त्रीमण्डल तथा ६० हजार सैन्यहरू र अन्य लावालस्करहरूलाई बिच बाटोमा बिदा दिई फकाई सकेपछि वेस्सन्तरले आफ्नी श्रीमती मद्रीदेवीलाई भने– "भो मद्री ! कोही याचक ब्राह्मणहरू पछाडि आइराखेको देख्यो भने मलाई खवर गर्नु ।" यति भनी रथ अगाडि साऱ्यो ।

युवराज वेस्सन्तरले सप्तशतिक दान दियो भन्ने खवर सुनी दान लिन भनी आएका ४ जवान ब्राह्मणहरूले समयमै उक्त दान लिन आउन नभ्याएका रहेछन्। त्यसकारण अबेला आइपुगेका ती ब्राह्मणहरूले युवराज वेस्सन्तर रथमा बसी जंगल गइसकेको खवर सुनी रथमा रहेका घोडाहरू भएपनि दान लिने इच्छाले दगुरे। मद्री रानीले ब्राह्मणहरू हस्याङ्ग फस्याङ्ग गर्दै हतारिंदै आइरहेको देखी वेस्सन्तरलाई यो सूचना दिइन्। वेस्सन्तरले रथ रोकी ती ब्राह्मणहरूलाई उनीहरूको पछाडि आइरहनुको कारण सोधे। उनीहरूले सबै कुराको

बेलि विस्तार लगाई ४ वटा घोडाहरू मागे । वेस्सन्तरले रथबाट वर्ली खुशीसाथ ती घोडाहरू दान दिए ।

केही वेरपछि त्यसरी नै अरू याचक ब्राह्मणहरू आई बाँकीरहेको रथ पनि मागे । अनि वेस्सन्तरले मद्दीदेवी र छोराछोरी दुबैलाई रथबाट ओराली खुशीसाथ घोडाहरू नभएको रथ पनि दान दिइ पठाए ।

त्यसपछि वेस्सन्तरले आफ्नी रानी मद्दीदेवीलाई भने– "भो मद्दी ! अब हामी जंगलमा प्राकृतिक सौन्दर्य हेर्दै यी छोराछोरी दुबैलाई हामीले नै बोकेर विस्तारै हिंड्ने छौं । यति भनी छोरी कृष्णाजिनीलाई मद्दीरानीले र छोरा जाली कुमारलाई वेस्सन्तरले बोकी दुःख सुखका कुरा गर्दै पैदल यात्रा गरे ।

बाटोमा हिंडेका बटुवाहरूलाई समय समयमा वंक पर्वत कति टाढा पर्छ भनी सोद्धा उनीहरूले ज्यादै करुणा दृष्टिले हेर्दै भन्ने गर्थ्यो– "धेरै टाढा पर्छ, अहो ! कहिले पुग्नुहुन्छ होला तपाईहरू यी बालबच्चाहरू बोकी ?" *क्रमशः*

## धर्मकीर्ति पत्रिकाका विशेष सदस्यहरू

*क्र.सं. ९०९*

**डा. चन्द्रेश रत्न तुलाधर**
तीनधारा पाठशाला
रु. २,२२१/–

*क्र.सं. ९१०*

**रीता शाक्य**
सानो भऱ्याङ्ग, स्वयम्भू
रु. २,०००/–

*क्र.सं. ९११*

**शिशिल चित्रकार**
छाउनी
रु. २,१००/–

*क्र.सं. ९१२*

**श्रद्धावती गुरुमां**
छाउनी
रु. २,०००/–

# मनं तुनाथें दान यायदेबलेया मानसिक सुख

✍ **बुद्ध कुमारी मानन्धर**

अरुणयाके गुहाली कयाः वस्त्रगा न्याना
उगु वस्त्र गा ज्वनाः जि धर्मकीर्ति विहार वना
उगु दिं खः २०७८/०४/०८ शुक्रबार न्हिनसिया २:५० ताःई
पुन्ही छन्हु न्ह्यो खेमावती गुरुमांयात फोनया घण्टी बिया
जि धम्मवती गुरुमांया कोठाय् दुहाँवना ।

भगवान् बुद्धयात वन्दना यासे गुरुमांयात वन्दना याना
गुरुमां छःपिनिगु जन्मदिंया उपलक्षे वस्त्र दान याःवया धया
वसपोलं तसकं बाँलाक सूत्र ब्वनाःवस्त्र दान कयाबिज्यात ।
गुरुमांया लय्ताः भय्ब्यूगु रुप खनाःजिनं लयताः भय्बिल ।

मेपिं गुरुमांपिन्त नं थौंहे दानयाना छ्व धयाबिज्यात
का प्रतिमा घण्टी छकःथा फुक्क गुरुमांपिं कुहाँवै धयाबिज्यात
जि अजूचासे स्वयाच्वना धात्थें फुक्क गुरुमांपि कुहाँ बिज्यात
सकसितं छपुछपु गाचा दानयानाः सकल गुरुमांपिन्त वन्दना याना
सकल गुरुमांपिसं भवतु सब्ब मंगलं सूत्र ब्वनाविज्यात ।

जि सकल गुरुमांपिनिगु बिचय् मिखा तिसिनाःल्हाःविन्ति यानाच्वना
आशीर्वाद सूत्रया मधूरगु सःक्वथाय् गुञ्जायमान जुल ।
जितःदुनेंनिसें शक्ति जाःथें गंजबगु प्रीति उत्पन्न जुल ।
दानं मनया लोभ खिती चुइकेगु लागि गुहाली ज्वीधाःगु थ्वहेज्वी
अले सिल थुकथंहे भचा भचा यायां दानया त्वाथः गयाहे वनेमाःधकाः

मनंमनं धाल गुरुमां छःपिनिगु जन्मदिंया यक्को यक्को शुभकामना
मां थें जाःम्ह गुरुमांयात यक्को यक्को भिन्तुना देछाना ।



# संघ प्रवेश परम्परा

✍ भुवनलाल प्रधान

वर्तमान काठमाण्डौं उपत्यकामा बौद्ध धर्माव-लम्बीहरूको घना आवादी छ। यिनीहरूमा शाक्यहरू पनि एक थरी हुन्। गृहस्थ बौद्धहरूमा यिनीहरूको केही विशेषता पाइन्छ भने प्रव्रजित भिक्षुहरूमा पनि यिनीहरूको संख्या धेरै देखिन्छ। उपत्यकाका बौद्धहरू अधिकांश नेवार हुन्। नेवारहरू यहाँका आदिवासी वा प्राचीन वासिन्दा हुन्। नेवारहरूले आजसम्म पनि 'दीप' – लाई 'दिवा', 'जवाफ (ब)' लाई 'जवा' भन्ने गरेकै छन्। यसरी नै यिनीहरूले 'पा'-लाई 'वा' गरेर 'नेपाल (र) - लाई 'नेवाल' वा 'नेवा' मात्र उच्चारण गर्न थाले। यिनीहरूले आफूहरूलाई 'नेवा' भन्न लागे, अरुहरूले यिनीहरूलाई नेवार भने। 'नेवार' भन वा 'नेपार' आखिर यो 'नेपाल' अपभ्रंशित रुप हो। यसमा शङ्का गर्ने ठाउँ छैन।

उपत्यकामा शाक्यहरूको आवादी ठूलो भएको र यिनीहरू नेवार जातिभित्र समाबिष्ट भइसकेको तथ्यलाई लिएर केही केही मानिसहरूले थरी थरीका प्रश्नहरू उठाउँछन् वा अडकलबाजी गर्छन्। त्यसै शङ्का, उपशङ्का गर्नु वा तर्कका लागि तर्क गर्नु अर्कै कुरा हुन्छ, वस्तुस्थिति अर्कै कुरा हुन्छ। यस्ता केही मनगढन्ते सन्देहहरू केहीको चर्चा तल गरिन्छ।

**सर्वप्रथम, सामान्यतया गरिने प्रश्न यही हो–**

यहाँ बसेका शाक्यहरू भगवान् बुद्धकै परिवारका र कपिलवस्तुबाट यहाँसम्म आएका भन्ने प्रमाण के छ ? यिनीहरू 'शाक्य गुम्बा', 'शाक्यमठ' शाक्यानन्द' भनिए जस्तै बौद्ध धर्मावलम्बी भएको नाताले शाक्यमुनिका अनुयायी भएको आधारमा 'शाक्य' कहिएका हुन नसक्लान् र ?

यस्तो प्रश्नलाई तर्क वा दलीतको रुपमा सकार्ने बित्तिकै ऐतिहासिक असामञ्ज्यका केही कठिनाईहरू स्वतः उपस्थित हुन्छन् यस प्रसङ्गमा सर्वप्रथम के बुझ्नु पर्दछ भने कपिलवस्तुका शाक्यहरु उपत्यकामा आएको बेलाको हाराहारीमा नै, अझ त्यो भन्दा अगाडि नै, यहाँका आदिवासी किरात वा किरातकै एक हाङ्गा नेपाल (र) हरूको उपत्यकामा बसोबास भइसकेको थियो। यस ताका उत्तर भारतीय मैदानमा लिच्छवी गणराज्यमा वज्जिहरू एवं पावा र कुशीनगरमा मल्लहरू आबाद थिए। उपत्यकावासी नेवारहरू र मल्ल, वज्जिहरूको बीचमा ई.पू. छैठौं शताब्दीमा नै सम्पर्क स्थापित गरिदिने बीचका मानिसहरू थिए कमला खोंच बाट र बागमतीको तीरै तीर उत्तरतिर आएका माझी र दनुवार जातिका। यिनीहरू एकातिर, कमला, सुनकोशी, रोशी हुँदै रामेछाप, बनेपातिर छिचोले भने अर्को तिर बागमतीको किनारै किनार मकवानपुर, काठमाण्डौं उपत्यकामा आइपुगे। यस विषयमा बाबुराम आचार्यले लेखेकाछन्:–

"तराईमा वाग्वतीका किनारामा रहेका थारुहरूमध्ये माछा मार्ने पेशा भएका दनुवारहरू उत्तरपट्टिबाट माथिमाथि सर्दै बस्ती बसाउँदै चुरे र महाभारतलाई छिचोलेर यस नदीका सिरानका ब्याँसीमा आइपुगे। यिनीहरूले मगधबाट आर्यसभ्यता लिएर आग्नेयदेशी भाषा भुली मागधी भाषा लिइसकेका थिए। यिनीहरूले नै यस नदीका सिरानका ब्याँसीमा आर्य सभ्यताको उज्यालो ल्याए। यस ब्याँसीका बासिन्दाहरू यिनै दनुवारका साथ वृजि र मगधका राजधानीसम्म पुग्न थाले। यिनीहरू आफ्नो जातलाई नेपार भन्दथे। उस समयका मगधहरू रेफका बदलामा 'ल' बोल्दथे। यस कारणले यिनीहरूलाई नेपाल भन्न लागे। बिस्तारबिस्तार यही शब्द देशको नाम भयो।"✪

---

✪ पूर्णिमा संख्या ३२, पृ. २०३।

ईसवी पूर्व पाँचौ शताब्दीमा बुद्धको जीवन कालमा उत्तर-भारतीय मैदानका व्यापारीहरूको आगमन उपत्यकाका भइसकेको थियो। यो कुरा 'मूलसर्वास्ति वादविनयसङ्ग्रह' र कौटिल्यको 'अर्थशास्त्र' ग्रन्थहरूबाट प्रमाणित हुन्छ। त्यसैले दनुवार, माझीहरूको आगमन त्यस ताकाको र त्यसभन्दा अगाडिको भयो। अर्थात् कपिलवस्तुबाट शाक्यहरू उपत्यकामा आउनु भन्दा अगाडि यी माझी, दनुवारहरू आइसकेका थिए। सम्भवतः यिनीहरूकै र भारतीय बेपारीहरुको सिको गरेर नै शाक्यहरुले उपत्यकामा उक्लने हिम्मत गरेका हुनन्।

यसरी कपिलवस्तुका शाक्यहरूभन्दा अगाडि नै उपत्यका आइसकेका र यसकै सेरोफेरो बसोबास गरिसकेका देखिएका माझी दनुवारहरू आज पनि कमला खोंच, पाँचखाल, रामेछाप, रोशी खोला इलाकामा छ्यासछ्यास्ती पाइन्छन्। यिनीहरू अहिलेसम्म पनि पिछडिएकै छन् र शाक्यहरूको तुलनामा यिनीहरूको आबादी निक्कै कम छ।

त्यसै बेला यी माझी, दनुवारहरूको दाँजोमा शाक्यहरू निक्कै विकसित र सुसंस्कृत भइसकेका थिए र यहाँ पटक पटक गरी धेरै संख्यामा आएका थिए।

अब नमिल्ने कुरा के हो भने यसरी विकसित र सुसंस्कृत बढी आवादी भएको शाक्य जात उहिल्यै बिलाएर गयो र असंस्कृत, अझै पिछडिएका कम संख्यामा आएको जाति २५ सय वर्षपछि सम्म ज्यौंका त्यौं अस्तित्वमा रहिरह्यो कसरी भन्ने र ऐतिहासिक तवरले मान्ने ?

अब यही प्रश्नको अर्को पक्षतिर लागौं। बौद्ध भएको आधारमा 'शाक्य' कहिएको भए वर्तमान बौद्ध धर्मावलम्बींहरू वज्राचार्य,तुलाधर, श्रेष्ठचार्य, चित्रकार, मानन्धर, ज्यापू (महर्जन, सुवाल, डंगोल), व्यञ्जनकार, प्रधान, नापित, तण्डुकार, कर्णीकार, खड्गी (कसाहीं) उत्तरीय लामा धर्मालम्बी आदि सबै बौद्ध जातहरू शाक्य नै कहिनु पर्ने थियो। तर अरु जात सबैको नाउँ व्यवसाय अनुसार रहेको पाइउकोछ। केवल शाक्य जात एउटालाई मात्र शाक्य भनिएकोछ। ताम्रकार, चित्रकार, शिल्पकार, शिलाकार, कर्णोकार, कसांकार, तुलाधर, मानन्धर, लौहकार, इत्यादि भनिए झैं शाक्यहरूको जातको नाउँ पनि किन पेशाबमोजिम सुवर्णकार वा सुवर्णधर, रौप्यकार वा रौप्यधर वा रत्नकार, हीरककार भनिएन ? किन 'शाक्य' मात्रै भनियो ? के यो तथ्य गम्भीर रुपले विचारणीय छैन त ?

फेरि शाक्यमुनिका शिष्यको सम्बन्धमा 'शाक्य' शब्द प्रयोग हुँदा यो भिक्षुसंघ वा कम से कम श्रमण वा प्रव्रज्यासित सरोकार राखेको पाइन्छ। गृस्थ शाक्यहरूलाई सङ्केत गर्न यो शब्द प्रयुक्त भएको भन्ठान्नु उपयुक्त देखिन्न। टाढाका पुर्खा 'शाक्य' याने प्रव्रजित भएबाट यिनीहरू शाक्य कहलिएका भए अरु जातका उपासकहरू पनि प्रव्रज्या त्यागेर गृहस्थ जीवनमा फर्केका धेरै छन्। तर त्यसरी फर्केका अरू जातका मानिसहरू वा तिनका सन्तानहरू शाक्य कहिएनन्। यस्ता फर्केका व्यक्तिहरूलाई पनि शाक्य कहिने परिपाटी अगाडि कुनै समयमा भएको भए अहिलेसम्म कायमै रहन्थ्यो होला र अहिले पनि यसलाई शाक्य नै भन्नु पर्ने हो। तर यसरी गृहस्थ जीवनमा फर्कनेहरू फेरि आफ्नै पहिलेको जातमा नै मिल्ने परम्परा समाजमा चलेकोछ। यसबाट जुनसुकै जातको मानिस पव्रजित हुँदा शाक्य कहिएको कारणले फेरि गृहस्थ बन्दा ऊ र उसका सन्तान शाक्य कहिएको होला भनेर अनुमान गर्नु गलत साबित हुन्छ।

प्रस्तुत विषय अर्थात् जात लोभ भएको तथा कथित सम्भावनाबारे अर्को एउटा पनि ऐतिहासिक तथ्य प्रस्तुत गरौं। ने.सं. ४४४(वि.सं. १३८१) साल पौष महिनामा सिम्रौन गढका राजा हरिसिंह देव त्यहाँ बाट भागेर नेपाली भूभागमा शरण लिन आउँदा साथमा आए भनिएका सात जात – 'ब्राह्मण, ब्रम्ह क्षेत्री जाति देखि उत्पन्न भएका जात आचार (आचाजु, कर्माचार्य), नेवा, बैद्य तेलीं, रजक र ज्यापू' आजसम्म कायमै छन्। उक्त अवसरमा तुलजा भवानीलाई पूजा गर्न जंगलमा कुनै चीज नपाइको बेला अकस्मात् भेटिन आएको अर्नालाई मारेर देवीको पूजा चलाएदेखि उक्त देवीलाई राँगोको बलि चलेको, सुर्योदय हुने दिशातिर पिठिउँ फर्काई दिसा गर्ने मानिसद्वारा उक्त अर्ना काटिएको बेलादेखि उसको जात खड्गी बनाइएको तथा देउतालाई भुजा पकाउने मानिसको अभावमा उक्त ज्यापू जातको मानिसलाई सुवाल (=भान्से) बनाइएको परम्परा समाजमा आजसम्म

कायमै छ। आज पनि ज्यापूनी सुवाल (=भान्छे) भएर पकाएको भुजा नै नित्य पूजाको सिलसिलमा तुलजा भवानीलाई चढाइन्छ। उपरोक्त सात जात ब्राह्मण, अचार, नेवाः (जस्तै कि पाटनका 'नेवाः' थर भएको परिवार), वैद्य, तेली (सम्ववतः मानन्धर), रजक (=धोबी), ज्यापू सुवाल) जातका मानिसहरू आजसम्म जस्ताका तस्तै समाजमा छन्। त्यस बेला राँगो काटेकोले खड्गी (कसाही) कहिएको नयाँ जातपनि ज्यौंका त्यौं मौजुद छ।

फेरि मल्ल कालमा बसाइँ सर्न आएका मुसलमानहरूमा आजसम्म पठानको पठानै, काश्मीरीको काश्मीरी नै भएर रहेकाछन्।

उपरोक्त सात जातका मानिसहरू शरणार्थीको रूपमा आएका तथा बचेखुचेको थोरै संख्यामा मात्र आएका थिए। यी थोरै संख्यामा आएका जातहरू लोप हुनुको सट्टा दिन पर दिन आबादी बढ्दे छन् भने यिनीहरू भन्दा निश्चय पनि धेरै संख्यामा आएका शाक्यहरू ठ्याम्मै मासिए भनेर अडकल गर्नु कसरी वस्तुपस्थिति सित मिल्ला ?

यस बाहेक, अभिलेख र वंशावलीहरूमा 'शाक्य' शब्दको प्रयोग सबभन्दा अगाडि कहिलेसम्मको भेटिएको छ खोतल्नेतिर अहिले नलागे पनि यसकै पर्यायची 'बाँडा' शब्दको प्रयोग भाषा वंशावलीहरूमा लिच्छवि राजा वृषदेवको पालामा भइरहेको भेटिन्छ। वर्तमान ललितपुर जिल्ला अन्तर्ग हरिसिद्धिको दक्षिण गोदावरी जाने बाटोमा (बाँडे) गाउँ कहिने बस्ती आज पनि मौजूद छ। यसको स्थापनाको विषयमा केशर पुस्तकालय वंशावलीमा लेखिएको बेहोरा यस प्रकार छः–

'....गोदावरीका समी मन्दिर बनाई पंचबुद्धको एक मुर्ति प्रतिष्ठा गरी प्रकाश गरे। त्यहीं बांडा गाउँ भन्ने देश बनाई बांडा आदि प्रजाहरूलाई बसाया। अनि नेपालमा सिंभू, खासाति (बौद्ध), धनदो र बडे गाउँ भन्ने स्थानमा चार मूर्ति प्रसिद्ध भए।'

वंशावलीहरूमा संन्यास लिए पछि प्रचण्डदेवलाई पनि बाँडा भनिएकोछ भने अर्कोतिर राजा स्थिति मल्लको थितिबन्देजमा '....ब्राह्मणको जात★ १० मूल जात, ....ज्यापूको जात ३२, कुमालेको ८, खसको जात ६४,.....बांडाको जात ४, कुसलेको ४....भनेर किटानसाथ लेखिएको छ। बांडा शब्दले गृहस्थीलाई पनि जनाउँदछ।

उपरोक्त उद्धरणबाट राजा वृषभदेवको राज्य काल ईसवीको पाँचौं शताब्दीको प्रारम्भमा पनि शाक्यहरू उपत्यकामा धेरै संख्यामा आबाद थिए र यिनीहरूको अस्तित्व मेटिएको थिएन भन्ने स्पष्टै सिद्ध हुन्छ। राजा स्थिति मल्लको राज्यकाल ने.सं. ५०० मा शाक्य श्री हर्षराम, जयलक्ष्मी र शाक्य श्री मानचन्द्रलाई गरिदिएको दापत्रमा 'शाक्य' शब्दकै प्रयोग भएको छ।

पुराना शाक्यहरू मासिए होलान् र वर्तमान शाक्यहरू पछि शाक्य कहलिएको होलान् भनेर मात्र पुग्दैन। कुन बेला र कसरी प्राचीन शाक्य जातिको लोप भयो र पछि नयाँ शाक्यहरूको प्रादुर्भाव कुन समय र कुन परिस्थिति अन्तर्गत भयो भन्ने कुरा पनि प्रमाणित हुनु पर्‍यो। इतिहासबाट सिद्ध गर्नु पर्दछ।

यहाँनेर शाक्यहरू 'बडे, बदे, बरे' अथवा 'बांडा' कहिएको परम्परा पनि विचारणीय छ। यी शब्दहरू 'वन्द्यनीय' वा छोटकरीमा 'वन्द्य' – बाट अपभ्रसित भएको टड्कारै देखिन्छ। प्रव्रजित अर्थात् सन्यास लिएका वैरागीहरूलाई हामी गृहस्थीहरू आज पनि बन्दना गर्छौं अर्थात यिनीहरू अहिले पनि 'वन्द्य' नै छन्। यो 'वन्द्य' नै कहिए होलान्। हुन सक्छ त्यसताका प्रव्रज्या लिनेहरू अधिकांश मात्रामा शाक्यहरू मात्रै थिए।

अथवा के पनि धेरै सम्भव छ भने शाक्यहरूको 'बडे छुये' (चुडाकर्म) गर्दा वन्द्य (=भिक्षु) बन्ने भएकाले यिनीहरू बाँडा (वन्द्य, बडे, बदे, बरे) कहिए। यहाँ गुभाजू (वज्राचार्य) हरूको पनि 'बडे छुये' गर्नु पर्दछ, उनीहरू किन बाँडा कहिएनन् त भन्ने सवाल गर्न सकिन्छ। गुभाजू वा वज्राचार्यहरूको प्रादुर्भाव वज्रयान मत प्रभावशाली भए पछि आठौं, नवौं, दशौं शताब्दी तिर भयो। शाक्यहरू धेरे शताब्दी अगाडि देखिका भए। तसर्थ शाक्यहरू पहिलेदेखि नै बाँडा (बन्द्य, बडे, बरे) कहिएको परम्परा भएकोले यिनीहरू मात्र बांष (बडे) कहिए, गुभाजुहरू कहिएनन्।

शाक्यहरू बारे अर्को प्रश्न के उठाइन्छ भने

★ यहाँ 'जात' शब्द अहिलेको 'थर' -को अर्थमा लिइएको देखिन्छ।

प्राचीन शाक्यहरू राजकुलका अर्थात् क्षेत्री जातका थिए तथा आफ्नो राजसी कुलको उग्र घमण्ड भएका शाक्यहरू अहिले कसरी नेवार बने ।

यहाँनिर के बुझ्नु आवश्यक छ भने 'नेवार' शब्दबारे नेपालका वर्तमान बासिन्दाहरूले, विशेष गरेर बाहुन र क्षेत्री जातका अधिकांश मानिसहरूले, अझ सम्मै गलत धारणा छोडेका छैनन् । 'नेवार' भनिने जातिभित्र बाहुन, ठकुरी, क्षेत्रीदेखि लिएर कुलु, हाल हुल, पोडे, च्यामे, आदि जातहरू समेत समाविष्त छन् । कतिपय नेवारहरू आफैले पनि नेवार वा मल्ल राज्यको विलयनपछिको परिस्थिति अन्तर्गत आफ्नो जातीमा क्षेत्री, बाहुन, ठकुरी पनि भएको तथ्यतिर ध्यान दिन छाडेका छन् ।

आज 'नेवार' कहिने समाजमा 'नेवार बाहुन' (द्योभाजु, राजोपाध्याय) भनिनेहरू भारतको कान्यकुब्जबाट आएका उपाध्याय बाहुनका शुद्ध सन्तान् हुन् । तिरहुत वा मिथिलाबाट आएर उपत्यकामा बस्ने मिश्र र झा बाहुनहरू पनि नेवार जातिमै समाविष्ट छन् ।

यहाँ करीब छ सय वर्ष राज्य गर्ने मल्ल राजाहरूका सन्तानहरू शुद्ध मल्ल अर्थात् ठकुरीहरू पनि आज नेवार नै मानिएका छन् । यी मल्ल राजाहरू 'नेवार राजा' भनिएकै थिए, भनिंदै छन् । यिनीहरूका दुइचार घरान भए पनि अझै छन् । अधिकांश मल्लहरू भने 'छ थरी श्रेष्ठ' मा वैवाहिक सम्बन्ध जोरेर 'छ थरी श्रेष्ठ' (अर्थात् जोशी, कर्माचार्य वा आचाजु, राजभण्डारी, अमात्य, प्रधान, मास्के, हाडा, प्रधानाङ्ग र वैद्य इतयादि) जातमा मिलेर नेवार जातिकै अङ्ग बनेका छन् ।

त्यस्तै लिच्छवि राज्यको पतनपछि ईसवीको एघारौं-बाह्रौं शताब्दीमा राज्य गर्ने नुवाकोटे बैंस ठकुरीका सन्तानहरू आजसम्म पनि झरुवा नभएका दुईचार परिवार भेटिएकै छन्। यिनीहरू नेवार भाषामा 'थकु जुजु खलक' भनिन्छन् । नेवार जातिभित्र समाविष्ट हुँदैमा के यिनीहरू ठकुरी रहेनन्, होइनन् भन्न मिल्छ र ?

मोगल सम्राट् औरङ्गजेब (ई. १६५८-१७०७) ले राजपुतानाको एउटा राज्या 'हाडा'- मा हमला गर्दा नेपालमा शरण लिन आएका हाडा रजपुतहरूका सन्तानहरू आजसम्म हाडा नै कहिएर भक्तपुरमा बसोबास गर्दै आएकाछन् ।

उपत्यकामा मल्ल राज्यहरूको अन्त्य नभए सम्म सेनापति भएर फौजको कमान सम्हाल्ने काजी, परमानहरू प्रधान, मास्के, भँडेलहरू नै थिए । ललितपुर राज्यको हालीमुहाली त अन्तिम ताका यी प्रधानहरूकै हातमा रहेको तथ्य इतिहासमा प्रसिद्ध छ । यी प्रधानहरू नेवारै थिए र यिनीहरू खास क्षेत्री थिए । राजा स्थिति मल्ल कै थिति बन्देजमा यसो लेखिएको छः– 'ब्राह्मणले यजमानी, क्षेत्रीयले राजकाजको स्थिति, वैश्यले बेपार, शुद्रले सबैको सेवा गर्नु । यी काम अरु जातिले गर्नु हुँदैन ।....."

यो थिति बन्देज आजसम्म त लागू छ भने मल्लकालमा त झन् कडाइका साथ लागू थियो । काजी, परमान बन्ने यी मास्के, प्रधान, भँडेल (राजभण्डारी), अमात्य आदि नेवारहरू क्षेत्रीय नभएको भए जङ्गी सेवामा लिइन्थ्यो होला । काजी, सेनापति हुने मौका पाउनु त झनै टाढाको कुरा हुन्थ्यो ।

शाह विजयपछि पराजित पक्षका भएकाले यिनीहरू सैनिक सेवामा लिइएनन् । तर यसको मतलब यिनीहरू क्षेत्री रहेनन् भन्ने कसरी हुन्छ अथवा 'नेवार' भन्ने बित्तिकै क्षेत्री हुनै सक्तैन भन्ने धारणा लिनु पूर्वाग्रह बाहेक अरु के हुन सक्छ ?

यी भए बाहिरबाट आएर लामो समयसम्म संगसंगैको बसोबासले नेवार जातिमा सम्मिलित भउका ब्राह्मण, ठकुरी, क्षेत्रीहरूको केही उदाहरण जो आज सम्मपनि आफ्नो मूल थर कायम राख्न सफल भएका छन् ।

जितेका जात वा जातिले हारेका जातजातिलाई तुच्छ र तल्लो सम्झनु संसारकै इतिहासबाट सिद्ध भएको स्वाभाविक व्यवहार हो । मल्ल राज्यको पतन हुनेबित्तिकै नेवार जातिको मानमर्यादा घट्यो, कति काजी, भारदारहरू काटिए, कति भागे । उदाहरणार्थ, पाटनका छ प्रधानहरू सन्तानहरूसहित काटिए पछि त्यहाँका प्रधानहरूले आफूहरूलाई प्रधान भन्न छाडे ।

यस्तै किसिमले लिच्छवीहरूको पतन पछि

त्यस्तै खतरनाक परिस्थिति छायो होला र यिनीहरूले आफूहरूलाई 'लिच्छवी' भन्न छाडे । अनि लिच्छवी जाति नै हराएको जस्तो भयो । सम्भवतः लिच्छविहरू नेवार समाजभित्रै विलीन भए हुन् । यसो नभए यिनीहरू एकै चोटि कसरी मानिए वा कता बिलाए ?

तर यहाँ लिच्छवि जाति आज अलग्ग नदेखिएकोले प्राचीन शाक्यहरू पनि त्यसरी नै मासिए होलान् र अहिलेका शाक्यहरू अर्कै होलान् भन्नु रामको बाबु मऱ्यो, श्यामको बाबु मऱ्यो, त्यसैले हरीको बाबु पनि मरिसकेकै हुनु पर्दछ अथवा सुन्तला, स्याउ, नासपातीको आकार जस्तै केरा, कांक्रो पनि हुनु पर्दछ भन्नु जतिकै हुन्छ ।

उपरोक्त उदाहरणबाट के सिद्ध हुन्छ भने उपत्यकामा समय समयमा बसाइँ सर्न आएका जात जातिहरूमध्ये अधिकांश शाककाल अगाडि नै नेवारमा सम्मिलित भइसकेका छन् । यिनीहरूमध्ये केहीको मूल नाम बा.की नै छन्, केहीको लोप भयो होला । माझी, दनुवार जस्तै त्यही ताकाका शाक्यहरू पनि अटूट रूपले कायम रहनु असम्भव होइन, ऐतिहासिक तथ्य नै हुन्छ ।

देशभित्रकै एउटा प्राचीन जाति बलामीहरूले नेवार जातिभित्र सम्मिलित भएर पनि आफ्नो मूल नाउँ र जात नगुमाएको उदाहरण पनि मौजुद छ । नेवार भाषामा बलामी कहिने यो जात बाबुराम आचार्य अनुसार चेपाङ् जस्तै प्राचीन पिछडिएको जात हो ।

अब 'नेवार' शब्दबारे अरु केही विचार गरौं । यो शब्द उपरोक्त व्यापक अर्थ बाहेक केही सीमित अर्थमा पनि प्रयोग भएको पाइएकोछ । हरिसिंह देवसंग आए भनिएका सात जात मध्ये 'नेवाः' भनिने एउटा जात (वा थर) ललितपुरमा आजसम्म रहेको चर्चा माथि भइसकेकोछ । 'नेवार'– को सम्बन्धमा राजा स्थिति मल्लको थिति बन्देजमा यसो लेखिएकोछ ।

'नेवारलाई ३६ जातको भेद गरी श्रेष्ठ भन्ने नेवार जात प्रख्यात गरे.....श्रेष्ठका ३६ जातमध्ये तागाधारी जात १३, चण्डेरी, सुबेडी, भंडारी, आचार दैवज्ञ इत्यादि ।'

एक ताका कि त जनै छाड्ने कि त राँगाको मासु नखान बाध्य हुँदा धेरै नेवारहरूले बरु जनै छाडे, राँगाको मासु नखान मानेनन् भन्ने प्रसङ्गको पनि वंशावलीमा चर्चा छ । जे होस् यी नेवार वा श्रेष्ठ भनिएकाहरू क्षेत्रीय नभए तागाधारी बन्न पाउँदैन थे । यो निश्चित तथ्य हो ।

तलेज्यू भवानीका पूजारी भइआएका आचार जुहरूको बारेमा उपरोक्त बन्देजमा यसो लेखिएकोछः– 'बाबु ब्राह्मण र आमा स्ववर्ग क्षत्रिणीबाट जन्म हुने कर्माचार्य भन्ने जातले शिखा गायत्री पाई तुलजा देवीको टहल गर्नु ।'

यसबाट उपरोक्त कर्माचार्यहरू ब्राह्मण–क्षत्रीनीका सन्तान हुन् भनेर प्रमाणित छ ।

उपरोक्त बन्देजमा जोशी (ज्योतिषी) को सम्बन्धमा यसो लेखिएकोछः– 'बाबु ब्राह्मण र आमा विधवा रजपूतनीबाट जन्मेका जैसीलाई जनै दिई शिखा गायत्री दिनू । ती जैसी ब्राह्मणले सङ्कल्प पढ्नू । पात्रो बनाउनू...चिन्हा लेख्नू...यी बाहेक अरु ब्राह्मणले गर्ने कार्य गर्न हुँदैन ।

यसरी कर्माचार्य, जोशीहरू ब्राह्मण–राजपुतनी–क्षेत्रीनीका सन्तान भए पछि यिनीहरूसितै एउटै र समान जातका प्रधान, मास्के, अमात्य, वैद्य, राजभण्डारी आदि पनि क्षेत्रीय नै हुनु पर्दछ । यस विषयमा बढीं प्रकाश अरु अध्ययनबाट पर्न सक्छ । तर यतिबाटै पनि के स्पष्ट हुन्छ भने वर्तमान नेवार जातिमा तल्लो जातदेखि क्षेत्री, ठकुरी, ब्राह्मणसम्म र श्रेष्ठ जातमा ब्राह्मण–रजपूत–क्षेत्री र तिनका झरुवा पनि समाविष्ट छन् । तसर्थ छ थरी श्रेष्ठ जात क्षेत्रीभन्दा कम जातका होइनन् । शाह विजयपछि हारेको जातिका भएकाले जितेकाहरूले तुच्छ, नीच, तल्लो आदि सम्झनु अर्कै कुरा हुन्छ ।

उपरोक्त कुराहरूको सारांश के हो भने शाक्यहरूको राजकुल वा क्षेत्रीयत्व नेवार जातिमा सम्मिलित हुँदैमा हराएको थिएन र छैन । तर यिनीहरूको जीवनमा एक पल्ट भिक्षु बन्नै (अर्थात् बडे छुये, चुडाकर्म) पर्ने विलक्षण परम्परा अत्यन्तै महत्वपूर्ण र विचारणीय छ । यो परम्परा जति जति पुरानौ हुँदै आयो उति उति यिनीहरूको वन्द्यत्व (भिक्षुत्व) क्षेत्रियत्व र राजकुलीनता भन्दा बढी महत्वपूर्ण भयो । यही परम्पराले यिनीहरूलाई अरु जातबाट छुट्टै राखेको बुझिन्छ । अरु जातसंग छ्यासमिस हुन दिएन ।

नेपालमा युगयुगमा जुरेका परिस्थितिहरू अन्तर्गत शाक्यहरू महायानी, वज्रयानी बने पनि यिनीहरूको अनिवार्य प्रव्रज्याको परम्पराले खेल्दै आएको भूमिका अद्वितीय छ। जीवनमा चारै दिन मात्र भए पनि बुद्ध धर्म, संघमा प्रवेश गर्ने यस परम्पराको माध्यम द्वारा यिनीहरूको संघ र भिक्षु शून्य भएको विपरीत परिस्थितिमा पनि बुद्धको जन्मभूमि, बुद्धको कुलभूमिको देशबाट स्थविरवादलाई पनि जसो तसो जोगाइ राखे भन्नु करै लाग्छ। अनि भगवान् बुद्ध प्रति श्रद्धा राख्ने, उनको धर्म र संघमा चाख लिने अथात् आजको विश्वको सन्दर्भमा भन्ने हो भने, शान्ति, मैत्री, भातृत्व र बहुजन हिताय–का समर्थकहरूको लागि शाक्यहरूको यो 'वन्ध बन्ने परम्परा विशेष रूपले उल्लेखनीय रहेकोछ। तसर्थ शाक्यहरूको 'वन्द्यत्व' अर्थात् अनिवार्य संघ प्रवेश परम्परा सार्थक छ, सराहनीय छ, वास्तविक अर्थमा बौद्धानुकूल छ भन्नु अत्युक्ति हुँदैन। ■

**'सुकीर्तिले अमर नाम'** को बाँकी अंश ...

तथा पर्यटन विभागको तर्फबाट ८५% रकम आर्थिक सहयोग प्रदान गरिने गरी उक्त भवन निर्माण भएको छ। बाँकी रकम विहारका उपासक उपासिकाहरूको यथाश्रर्द्धा चन्दाबाट व्यहोरिने छ। यस सिलसिलामा हाल मिति २०७८ पौष १८ गतेका दिन काठमाडौं महानगरपालिकाका मेयर विद्या सुन्दर शाक्य एवं उपमेयर हरिप्रभा खड्गी श्रेष्ठले संयुक्त रूपमा रु. १ करोड ३० लाख ९५ हजारको चेक विहार प्रमुख भिक्षुणी धम्मवती गुरुमांलाई दोस्रो चरणको अनुदानको रूपमा हस्तान्तरण गर्नुभएका थिए। पहिलो चरणको अनुदानको रूपमा १ करोड रुपियाँ पहिला नै हस्तान्तरण भइसकेको थियो।

भवन निर्माण कार्य सम्पन्न भइसकेपछि खडा गरिने शीलापत्रमा काठमाडौं महानगर पालिका परिवारको नाम एवं श्रद्धालु चन्दा दाता उपासकोपासिकाहरूको नाम अमर रूपमा कुँडिने निश्चित छ। शिलापत्र रहुञ्जेल उहाँहरूको नाम एवं सुकीर्ति अमर भइरहने छ। ■

**अनिच्चावत संखारा उप्पादवय धम्मिनो**
**उपज्जित्वा निरूज्झन्ति तेसं वूपसमो सुखो**



*बूगु दिं:*
वि.सं. १९८५ मंसिर ४ गते

*मदुगु दिं:*
वि.सं. २०७८ माघ ६ गते

## दिवंगत लक्ष्मी दास मानन्धर

धर्मकीर्ति बौद्ध ज्ञानमाला भजन खलःया दुजः सरोज मानन्धरया बाःजु सामाजिक, राजनैतिक, धार्मिक एवं भाषा ख्यलय् अतिकं योगदान यानादीम्ह प्रभावशाली व्यक्तित्वं जाःम्ह हनेबहःम्ह **लक्ष्मी दास मानन्धर** दिवंगत जुयादिल।

वय्कलं जीवनकाःछि यानादीगु भिंज्याया पुण्यं शक्तिं वयकःयात सुगति लिसें निर्वाण प्राप्त ज्वीमा धकाः कामना यासें पुण्यानुमोदन यानाच्वना।

## धर्मकीर्ति ज्ञानमाला भजन खलः

**धर्मकीर्ति विहार, श्रीघः नःघः, यँ**



# व्यवहारिक जीवनमा प्रज्ञाको महत्त्व

✍ नानी केशरी बज्राचार्य

बुद्ध शिक्षा अध्ययन गर्ने अवस्थामा सत्वप्राणीहरूको हित, र मानव समाजको कल्याणको लागि आवश्यक ज्ञान नै चतुआर्य सत्य हो ।

१) दुःख सत्य

२) दुःख समुदय सत्य

३) दुःख निरोध सत्य

४) दुःख निरोधगामिनी प्रतिपदा आर्यसत्य

यी चारवटा प्राकृतिक सत्यहरू मध्ये चौथौं सत्य (दुःख निरोध गामिनी प्रतिपदा आर्यसत्य) आर्य अष्टाङ्गिक मार्ग हुन् ।

आर्य अष्टाङ्गिक मार्ग अन्तरगत पहिलो र दोस्रो मार्ग सम्यक दृष्टि र सम्यक संकल्पलाई प्रज्ञाको रूपमा लिने गरिन्छ ।

दृष्टिकोण सही हुनु, चतुआर्य सत्यको ज्ञान हुनु, दश वत्थुक विषयमा ज्ञान हुनुलाई सम्यक दृष्टि भनिन्छ । सही धर्मलाई ठीक तरिकाले बुझ्नु र त्यसबारे ज्ञान हुनुलाई सम्यक दृष्टि भनिन्छ ।

सम्यक संकल्पले ठीक तरिकाले चिन्तन मनन गरी नराम्रो चिन्तनलाई हटाउने, राम्रो चिन्तनमा मन लगाउने, पञ्चकाम सुखमा लिप्त नभई बदला लिने भावनाबाट टाढा रहने, सहिष्णुता पूर्वक व्यवहार गर्ने आदि व्यवहार सिकाउने गर्छ । यसलाई आर्य अष्टाङ्गिक मार्ग अनुसार प्रज्ञाको अन्तरगत राखिएको छ ।

प्रज्ञाको स्थान अति महत्वपूर्ण छ । मानिसहरूमा जबसम्म विवेक, बुद्धि हुँदैन उनीहरूको जीवन सुखमय हुँदैन । त्यसैले भगवान् बुद्धले प्रज्ञा सम्वन्धमा भन्नुभएको छ –

**"नत्थि पञ्ञा समा आभा"**

प्रज्ञा समान ज्योती वा प्रकाश अरु छैन ।

सम्पूर्ण सम्पत्ति मध्ये प्रज्ञा नै सर्वोत्तम रत्न हो । त्यसैले भनिन्छ "पञ्ञा नरानं रतन"

सम्पूर्ण सम्पत्ति मध्ये उत्तम रत्नयुक्त सम्पत्ति प्रज्ञा हो । यसलाई चोरले चोर्न सक्दैन । यसलाई जति अरूको हितोपकारमा प्रयोग गरिन्छ त्यत्तिनै प्रज्ञारूपी रत्न बढ्दै जाने गर्छ । प्रज्ञावान् व्यक्ति रत्नधारण गरेको व्यक्ति जस्तै अरूका लागि भर आधार भइदिन्छ ।

प्रज्ञाहिन व्यक्ति जति रूपवान् र रूपवती भए पनि वास्ना नआउने नक्कली फूल जस्तै हुन्छ ।

राम्रो आचरण, नभएको व्यक्ति जतिसुकै पढेलेखेको विद्वान् भनिए पनि उसलाई प्रज्ञावान् भन्न मिल्दैन । मानिसहरूको आर्थिक, सामाजिक र पारिवारिक जीवन स्वस्थ राख्नको लागि प्रज्ञाको महत्वपूर्ण भूमिका रहेको हुन्छ ।

मज्झिम निकायको दुतिय वग्गो, रट्ठपाल सूत्रमा राष्ट्रपाललाई आमाबुबाले असर्फी देखाई गृही जीवनमा तान्ने कोशिस गरेको अवस्थामा उनले ती सुनचाँदीका थुप्राहरू गंगा नदीको धारमा फ्याँक्ने सल्लाह दिएका थिए । किनकि यसले विभिन्न किसिमका शोक परिदेव दुःख दोमनस्स उब्जाउने कार्य गर्छ भनेका थिए ।

धनले न त दीर्घायु पार्छ न त क्लेशको जरालाई हटाउन सक्छ । त्यसैले जीवनमा प्रज्ञावान् व्यक्ति नै श्रेष्ठ हुन सक्छ । प्रज्ञाले निर्वाण प्राप्त गर्ने कार्यमा सहयोग पुऱ्याउने गर्छ ।

संयुक्त निकायको १२ औं सुत्त आलवक सूत्रमा आलवक यक्षले भगवान् बुद्धलाई कस्तो जीवन श्रेष्ठ जीवन हो भनी प्रश्न गरेको अवस्थामा भगवान् बुद्धले प्रज्ञायुक्त जीवन नै श्रेष्ठ भनी जवाफ दिनु भएको विषय उल्लेख छ ।

मानिसहरूको रत्नको रूपमा रहेको प्रज्ञाले जीवनमा ज्ञानलाई उपाय कौशल पूर्वक प्रयोग गर्न सिकाउँछ ।

आफूले सक्दो जगत हितार्थ कार्य गर्नसक्नु पनि प्रज्ञाकै देन हो । प्रज्ञावान् व्यक्तिमा ठीक तरिकाले बुझ्ने खूबी हुने भएकोले घर परिवार, समाज र राष्ट्रको निमित्त उसले हीत हुने कार्य गरिरहेको हुन्छ ।

यस लोकमा कतिपय धनवान् व्यक्तिले धन भए पनि त्यसलाई उचित उपयोग गर्न सकिरहेको हुँदैन । धन संग्रहमा मात्रै आफ्नो अमूल्य समय बिताइरहेका हुन्छन् । धनको तृष्णा तृप्त नहुँदै मरणअवस्था आइरहेको हुन्छ । तर प्रज्ञावान् व्यक्ति दूरदर्शी हुन्छन् । उनीहरू आफ्नो जीवन सम्यक संकल्प, सम्क आजीव र सम्यक वायामो जस्ता कुशल कार्यहरू गर्नमा तल्लिन हुन्छन् ।

सम्यक दुष्टि रूपी प्रज्ञा भएका व्यक्तिले मानव जीवनमा हुनुपर्ने गुणको सन्देश दिइरहेको हुन्छ । त्यसैले उसले संयमित हुने क्षमता विकास गरी चित्तलाई अकुशल हुनबाट बचाइरहेको हुन्छ । हामीले होशियारी नअपनाई आशक्तिवस 'म' र 'मेरो' भावनामा जोड दिई गरेको कर्म कुशल र सम्यक हुन सक्दैन । त्यसैले कुशलबाट सबैको भलो गर्न, राग, आशक्ति त्यागी व्यवहारिक जीवनमा प्रज्ञायुक्त भई काम गर्न सकेमा मात्र आफ्नो र अरूको भलो गर्न सक्ने छौं ।

अर्को शब्दमा भन्ने हो भने विवेक बुद्धिलाई साथमा लिई काम गर्ने कुरा गर्ने बानी जब हुन्छ, तब त्यहाँ मानसिक विकृती, भ्रष्टाचार, अत्याचार जस्ता खराब बानी व्यवहार हट्दै जानेछ । बढी भन्दा बढी मानिसले सम्यक दृष्टि र सम्यक संकल्प जस्तो प्रज्ञालाई प्रयोग गर्न सक्ने अवस्थामा त्यत्ति समयमा सुख र शान्तिले बास गर्न सकनेछ । त्यसैले व्यवहारिक जीवनमा प्रज्ञाको महत्वपूर्ण स्थान रहेको छ ।

**अनिच्चावत संखारा उप्पादवय धम्मिनो**
**उपज्जित्वा निरूज्झन्ति तेसं वूपसमो सुखो**



**दिवंगत चिनीमाया स्थापित**
*बूगु दिं: वि.सं. १९८७ असार ६ गते*
*मदुगु दिं: वि.सं. २०७८ बैशाख २६ गते*

लक्ष्मीनानी न्यतपुचः ध.की. भोजन पुचःया दुजःपिं सावित्री तुलाधर व सुभद्रा स्थापितया ममतामयी मां **चिनीमाया स्थापित** दिवंगत जुयादिल । वयकलं थःम्हं फुथें धर्मया ख्यलय् यानादीगु योगदानयात कदर यासें वयकःया सुगति व निर्वाण कामना यानाच्वना ।

**लक्ष्मी नानी न्यत पुचः धर्मकीर्ति भोजन पुचः**
**धर्मकीर्ति विहार, श्रीघः नःघः, यँ**

## धर्मकीर्ति विहारमा बुद्ध पूजा र धर्मदेशना

| क्र. सं. | २०७८ साल | बुद्ध पूजा गर्नुहुने गुरुमांहरू | धर्मदेशना गर्नुहुने गुरुमांहरू |
|---|---|---|---|
| १ | पौष २६ गते, सोमवार अष्टमी | शुभवती | वीर्यवती |
| २ | माघ १ गते, शनिवार संक्रान्ति | पञ्ञावती | पञ्ञावती |
| ३ | माघ ३ गते, मिला पुन्हि सोमवार | जवनवती | धम्मवती |
| ४ | माघ ११ गते, अष्टमी मंगलवार | दानवती | दानवती |
| ५ | माघ १८ गते, औंशी मंगलवार | केशावती | केशावती |



# बोधिचित्तं बिलिबिलि जाःम्ह द्रव्यमानसिं तुलाधर

✍ **मीना तुलाधर** 'परियत्ति सद्धम्म कोविद'
*सह-प्राध्यापक*

२०७२ सालं नेपालय् तःभुखाचं यानाः आपालं सम्पदा, बहाःबही देगः, विहार स्यन । आः वयाः यैं महानगरपालिकां यक्व हे परियोजनात हयाः झीगु स्यनावनाच्वंगु सम्पदात बाँलाक, बल्लाक झः झः धायेक दयेकावं हःगु दु । थःगु देय्या पुर्खानिसें दुगु हलिमय् हे तसकं च्वन्ह्याःगु सम्पदात जिर्णोद्धार जुयावयाच्वंगुलिं नेपाःमि सकलें लयताः । थजाःगु सम्पदा ल्ह्वनेगु ज्याय् सरकारपाखें जक मखु थाय्थासय् जनस्तरं नं यको गुहाली जुयाच्वंगु दु । थुकथं थौं झीसं सरकारपाखें, जन समुहपाखें यक्व बहाःबही, देवालय आपालं दयेकूगु खनाच्वना, न्यनाच्वना ।

भगवान् बुद्धया इलय् श्रद्धालु उपासक अनाथपिण्डिक महाजनं जेतवन विहार दयेकूगु, वथेंतुं उपासिका विशाखां पुर्वाराम विहार दयेकूगु सम्बन्धय् भन्ते, गुरुमांपिनिपाखें बाखनय् न्यनाच्वना, किताबय् नं ब्वनाच्वना ।

तर आधुनिक वर्तमान इलय् झीथाय् नेपालय् छम्ह याकःचा उपासकं थाय्थासय् विभिन्न  विहार पूवंक निर्माण याःगु नं खनाच्वना । उम्ह उपासक खः बोधिचितं युक्तम्ह, दानी, महादानी दाता दिवंगत द्रव्यमानसिं तुलाधर (भाईराजा साहु) ।

वय्कलं याकःचां दाता जुयाः थःगु कुलछैं रंगभुवन महाविहार अर्थात दगुबहाःया क्वाःपाः द्यःछैं पुर्णरुपं न्हू यानाः दयेका दिल । क्वाःपाः द्यो ल्ह्वनेत माःगु तक्क वज्रयानी विधि विधान गुरुजुपिंपाखें याकाः नेपाःया परम्परागत बुद्धधर्मयात नं बः बियादीगु खः । थ्व न्हापाया खँ जुल ।



वय्कःया जीवनय् भन्ते, गुरुमांपिंपाखें बाखं न्यनेगु व विहारं पिदनीगु सफू ब्वनेगुपाखें बुलुहुँ थेरवाद बुद्धधर्मय् नं मन क्वसायेकादिल । थः हे जहान उपासिका बसुन्धरा तुलाधर व भौमचा रीना तुलाधरपाखें नं प्रेरित जुयादिल । वयकः छन्हु यैंया धर्मकीर्ति विहारय् भोजन दानया निंतिं झायादीबलय् अन धम्म हलय् भचा गति मलाक्क पाचापाचा जुइक लासात लायातःगु खंकाः चित्त बुझये मजुल । हल जायेक छताजि जुइक लासा लायेगु इच्छा यानाः हल जायेक न्हूगु कार्पेट लानादिल । अनंनिसें वय्कःया विहारय् दान यायेगु क्रम शुरु जुल ।

श्रद्धेय धम्मवती गुरुमांयागु उजं कयाः हानं न्हापायापिं विहार दातापिनिगु नं मञ्जुरी कयाःतिनि श्रीघ: नघ:स्थित धर्मकीर्ति विहार पूर्ण रुपं थुना: न्हुगु निर्माण यायेगु ज्या शुरु यानादीगु ख:। अनंनिसें छसिंनसें विहार विहारय् निर्माण यायेत दान बीगु यानादिल । लुम्बिनीस्थित धर्मोदय चैत्यय् धम्म हल, धर्मोदय चैत्यया प्रांगणय् मैत्री बुद्ध विहारया प्रमुख दाता जुया दील । यैँया पुलांगु गण महाविहार पुन: निर्माण यायेत वय्कलं दान याना दीगु ख: । यैँया किण्डोलस्थित निर्वाणमूर्ति विहारय् नं धम्म हल दयेकादिल । यैँया भृकुटि मण्डपय् बुद्ध विहारय् नं धम्म हल दयेका दिल । बनेपास्थित ध्यानकुटी विहार नं न्हू यानाः दयेकादिल ।

मेखेर वज्रयानी बुद्धधर्मपाखे यैँया जनबाहाः द्योयाथाय् दिगू छैं, लुम्बिनी वज्रयानी विहारय् नं गुहाली यानादिल ।

आधुनिक कालय् सकस्यां बिचा: याये मफुकथं, विश्वाश याये मफुकथं वय्कलं थ: याकःचां, व गनं आंशिक दाताया रुपय् नं आपालं थाय् थासय् विहार, बहा: बही, संघ संस्था, असं बाजं गुथि, श्री दिगु ख्यः गुथि, दायक समिति, बौद्ध परियति शिक्षा, स्वास्थ कोष, धार्मिक कोष आदि यक्व थासय् दान यानादिल । बुद्ध शाशनया जग, आधार निर्माण यानादिल । झीपिं नेपाःमि सकलें उम्ह उपासकप्रति श्रद्धां बिलिबिलि जा:गु नुगलं साधुवाद देछाना च्वना । वय्कःया गुण न्ह्याक्व हे लुमंकूसां कम हे जुइ ।

अबुजु रत्नमान सिंह व माँ मोतिलानि तुलाधरजुया काय्मचा द्रव्यमानसिं तुलाधर छम्ह बुद्धधर्मया धिसिलागु थां, जहाँ थिनाच्वंगु नगु समान ख:। जि मचाबलय् दगुबहाःया चिकाजि साहुजु (रत्नमान सिंह तुलाधर) पिं तसकं भलादमिपिं, नां जा:पिं, आपालं सुसम्पनपिं धकाः न्यना तइगु ख:। तर जिं वयक:पिन्त प्रत्यक्ष रुपं मखं । लिपा जिमि केहेँ रीनाया विवाह भाईराजा साहुजुया त:धिकम्ह काय्मचा राजु तुलाधरनाप जुसेंलि जिं वय्कःया परिवारपिंनाप खँल्हाबल्हा यायेगु व बेलाबखतय् होनेगु मौका दत । अतिकं हनेबह:म्ह, गुणं सम्पन्नम्ह, श्रद्धावान, बुद्धिमानम्ह भाइराजा साहुजुया धर्मपत्नी बसुन्धरा पीतनाप नं खल्हाबल्हा यायेगु, सत्संगत यायेगु अवसर चूलात । भाईराजा साहुजुं गुलिनं नेपा:यात तोता थकुगु योगदानप्रति वयक:या धर्मपत्नी बसुन्धरा पीतया यक्व ग्वाहाली दु । देवी माँ बसुन्धराया नां थें हे ल्वय्क बसुन्धरा पीत नं मन यचु, शरीर वर्ण बांलाः, देवी माँ थें हे सकसितं उपकार याना दीम्ह ख: । बसुन्धरा पीतप्रति नं यक्व हे श्रद्धा बिलिबिलि जा:गु नुगलं साधुवाद देछाना च्वना ।

द्रव्यमानसिंह साहुजुया मां जुया दिउम्ह मोतिलानी तुलाधर व अबुजु रत्नमानसिंह तुलाधरपिसं द्रव्यमानसिहं धकाः नां छुना बिउगु थें वय्कलं नांयात ल्वय्क द्रब्य थ:त जक मुंका मवं । सकल झी नेपाःमीपिन्त, भन्ते गुरुमांपिन्त बुद्धया सर्द्धम प्रचार यायेत अनुकुल व्यवस्था, अनुकुल थाय्बाय्, यक्व योगदान तोता थकादिल ।

जित: नं थ:थ:म्हं हे अभिधम्मय् ब्वना तयागु थेँ थःके कुसल पवति विपाक दुगु थें ताया च्वन । छाय्कि जिं बोधिचितं बिलिबिलि जाया च्वंम्ह द्रव्यमानसिहं साहुजुनापं धर्मकीर्ति विहार संरक्षण कोषया थीथी गतिविधिया झ्वलय् नापं ज्या यायेगु अवसर चुलात । वय्कः धर्मकीर्ति विहार संरक्षण कोषया उपाध्यक्ष खः । वि.सं २०६४ नसें २०७१ साल तक्क जि नं धर्मकीर्ति विहार संरक्षण कोषया सचिव थें जाःगु गरिमामय पदय् च्वनाः गुरुमांपिन्त सेवा यायेगु मौका दत । वय्कः द्रव्यमान सिंह तुलाधरनापं संगत यायेगु अवसर चूलात । थुकथं धर्मकीर्ति विहार संरक्षण कोषय् विभिन्न बौद्ध विद्वान, गण्यमाण्य व्यक्तिपिनित हनाबना ज्याझ्व: लिसें हरेक क्रियाकलाप वस्पोलपिं नापं च्वनाः पूवंकागु जित: आतक्क नं झलझल लुमना च्वनतिनि । अबले जि साहुजुया बोधिचित, बोलिवचनं तसकं प्रभावित जुयाः बोधिसत्व धयापिं थजाःपिं हे ख:ला धकाः मतिइ वइगु ख: ।

वस्पोलयागु गुण गुणाणुस्मरण यासें दानी, महादानी दिवंगत द्रव्यमानसिंह तुलाधर (भाईराजा साहुजु ) यात थ्व हे पुण्यया हेतुं सुगति लायेमा । जाति, जरा, व्याधि, मरणं मुक्तगु निवार्ण प्राप्त यायेत नं वय्कःयागु पुण्य हेतु जुइमा धकाः कामना याना ।



# धर्मकीर्ति विहारको विस्तारित भवन निर्माणका लागि काठमाडौं महानगरपालिकाबाट दोश्रो चरणको आर्थिक अनुदान




*२०७८ पौष १८ गते*

धर्मकीर्ति विहारको विस्तारित भवन (उत्तर तर्फ रहेको भवन) निर्माणको लागि काठमाडौं महानगरपालिकाको तर्फबाट मेयर विद्या सुन्दर शाक्य एवं उपमेयर हरीप्रभा खड्गी श्रेष्ठले संयुक्त रुपमा एक करोड, तीस लाख पन्चान्नब्बे हजार (१ करोड ३० लाख ९५ हजार) रुपैंयाको चेक विहार प्रमुख भिक्षुणी धम्मवतीलाई हस्तान्तरण गर्नुभएको छ। यस रकम दोश्रो चरणको अनुदानको रुपमा प्रदान गरिएको हो ।

वि.सं. २०७७ मंसिर २० गतेका दिन भवन निर्माणका लागि मेयर शाक्यले शिलान्यास गर्नुभएको थियो । यसको लागि प्रथम चरणको अनुदानको रुपमा रु. १ करोड प्रदान गरिसकेको छ। स्मरणिय छ यस भवन निर्माणको लागि काठमाडौं महानगरपालिका सम्पदा तथा पर्यटन बिभागको तर्फबाट ८५% रकम आर्थिक सहयोग प्रदान गरिने गरी उक्त भवन निर्वाण भएको छ । यसबाहेक नपुग रकम विहारका श्रद्धालु दाता उपासक-उपासिकाहरूको तर्फबाट प्राप्त भएको चन्दा रकमबाट उक्त भवन निर्माण गरिएको छ ।

काठमाडौं महानगरपालिकाका प्रमुख श्री विद्या सुन्दर शाक्य एवं उपमेयर हरीप्रभा खड्गी श्रेष्ठको प्रमुख अतिथित्वमा एवं भिक्षुणी धम्मवती गुरुमांको सभापतित्त्वमा ध.की.सं. कोषका सह कोषाध्यक्ष अरुण शिद्धि तुलाधरले संचालन गर्नुभएको उक्त कार्यक्रममा भिक्षुणी धम्मवतीले पञ्चशील प्रार्थना गराउनु भएको थियो । प्रमुख अतिथी शाक्यले दीप प्रज्वलन गरी उक्त कार्यक्रम उद्घाटन गर्नुभएको थियो । १७ वडा अध्यक्ष नविन मानन्धर एवं २५ वडा अध्यक्ष नीलकाजी शाक्य सहित अन्य पदाधिकारीहरू पनि उपस्थित रहनुभएको उक्त कार्यक्रममा खेमावती गुरुमांले स्वागत मन्तव्य व्यक्त गर्नुभएको थियो ।

मन्तव्य व्यक्त गर्ने क्रममा मेयर शाक्यले क्वा:पा: छयँ, द्यो छ्सँ, बहा:बही, सत:, आदि जस्ता साँस्कृतिक, सम्पदाको मर्मत सम्भार तथा पुन:निर्माण गर्न आवश्यक खर्च महानगरपालिकाले व्यहोर्ने विषयमा उल्लेख गर्नुभयो ।



धर्मकीर्ति विहारको विस्तारित भवन निर्माणर्थ दोस्रो चरणको आर्थिक अनुदान कार्यक्रममा ओवाद मन्तव्य व्यक्त गर्नुहुँदै भिक्षुणी धम्मवती गुरुमां



पञ्चशील प्रार्थना गर्नुहुँदै मेयर एवं उपमेयर



*कार्यक्रमको उद्घाटन गर्नुहुँदै मेयरज्यू*

यसरी नै प्रचलित कानूनले दिएको खर्च गर्ने अधिकारको सीमाभित्र सहयोग कार्य अगाडि बढिरहेको जानकारी दिनुहुँदै उहाँले खर्च गर्ने सीमाका कारण आवश्यक पर्ने जति रकम एकैपटक दिन नसकिएको र क्रमागत योजनाबाट सहयोग गर्ने प्रयास भइरहेको विषयमा पनि जानकारी दिनुभयो ।

कार्यक्रममा मन्तव्य व्यक्त गर्नुहुँदै उपमेयर हरीप्रभा खड्गी श्रेष्ठले बुद्ध शिक्षा पठनपाठन एवं ज्ञान लिनको लागि उमेरले नछेकिने कुरा उल्लेख गर्नुहुँदै महानगरले आधारभूत तहका मातृभाषा पठन पाठनको निर्णय गरेपछि स्थानिय महिलाहरूले पनि रोजगारी प्राप्तगरी उहाँहरूलाई आर्थिक रुपमा सशक्त बनाइने विषयमा जानकारी दिनुभयो । यसरी उहाँले परियत्ति शिक्षा अध्ययन गर्न सबैलाई प्रोत्साहन पनि दिनुभयो ।

कार्यक्रमको अन्त्यमा भिक्षुणी धम्मवती गुरुमांले महानगरपालिकाको यस सहयोग प्रति साधुवाद व्यक्त गर्नुहुँदै ओवाद उपदेश दिनुभएको थियो भने धर्मकीर्ति संरक्षण कोषका सचिव प्रफुल्ल कमल ताम्राकारले धन्यवाद ज्ञापन गर्नुभएको थियो । ❀


***पाप कर्म (अकुशल कर्म) कहिल्यै नगर्नु***
***पुण्य (कुशल कर्म) गर्दै जानु ।***
***आफ्नो चित्त (मन) लाई शुद्ध गर्नु ॥***
***यही नै बुद्धको उपदेश हो ।***

# बिशव मोटर ट्रेडर्स

**ख-२, ४०८, पुतलिसडक, काठमाडौं, नेपाल ।**
**फोन नं.: ०१-४२३८१४७, ९८५१०५११३१, ९८५१०५११४७**
**e-mail: vishwamotor@gmail.com**

**टोयोटा, मित्सुबिसि, निशान, इसुजु, सुजुकि इत्यादि गाडिका पार्टस्हरूको साथै ब्याट्रि र इन्भर्टरको लागि सम्पर्क गर्नुहोस् ।**

# शाक्यधिता नेपालको भवन निर्माणार्थ शिलान्यास




*मन्तव्य व्यक्त गर्नुहुँदै मेयर विद्या सुन्दर शाक्य*

*२०७८ माघ ३ सोमबार, किम्डोल स्वयम्भू ।*

यसदिन किम्डोल बहाः स्वयम्भूमा शाक्यधीता नेपालको भवन निर्माणार्थ शिलान्यास कार्यक्रम सम्पन्न गरिएको छ ।

श्रद्धेय पञ्ञासार भन्तेबाट पञ्चशील प्रार्थना गराउनु भएको उक्त कार्यक्रम काठमाडौं महानगरपालिकाका मेयर विद्या सुन्दर शाक्यको प्रमुख अतिथित्वमा संचालन गरिएको थियो भने प्रमुख अतिथी श्री शाक्यबाट शिलान्यास कार्य सम्पन्न गरिएको थियो ।

कार्यक्रममा आफ्नो मन्तव्य ब्यक्त गर्नुहुंदै मेयर शाक्यले देशको सम्पदा नै अमूल्य सम्पत्ति भएकोले उक्त सम्पत्ति रक्षा गर्नको लागि राज्यले लगानी गर्नुपर्ने दायित्वलाई महसूस गर्दै काठमाडौं महानगरपालिकाले यस कार्यमा सहयोग गर्दै आइरहेको विषयमा चर्चा गर्नुभयो । त्यस्तै भगवान् बुद्ध जन्मनुभएको नेपालमा बुद्ध शिक्षा प्रचार कार्यमा शिथिलता आइरहेको विषयमा पनि ध्यान राखी या महानगरपालिकाले यस क्षेत्रमा पनि सक्दो सहयोग गरिरहेको विषयमा प्रकाश पार्नुभयो ।

यसरी नै भिक्षु पञ्ञासारले मन्तव्य व्यक्त गर्नुहुने क्रममा थेरवाद बुद्ध धर्मको शुभारम्भ भएको यस किम्डोल विहारमा पूर्णिमा कै दिन भवन निर्माणार्थ शिलान्यास भएकोमा खुशी व्यक्त गर्नुभयो ।

शाक्य धीता नेपालका सचिव मीना तुलाधरले धन्यवाद व्यक्त गर्नुभएको उक्त कार्यक्रममा शाक्यधिता नेपालका अध्यक्ष इन्दावती गुरुमांले महानगरपालिकाका मेयर शाक्यको कार्यकालमा मन्दिर, पाटीपौवा, आदि धेरै मर्मत जिर्णोद्धार एवं पुनःनिर्माण भएकोमा खुशी व्यक्त गर्नुभयो । यसरी नै श्रद्धेय धम्मवती गुरुमां वर्मा पुग्नुभई बुद्ध शिक्षा अध्ययन पछि नेपाल फर्किनु भएर बुद्ध शिक्षा प्रचार गर्नका लागि कठिन मेहनत गर्नुभएको र श्रामणेर प्रव्रज्या र ऋषिणी प्रव्रज्या कार्यक्रम संचालनार्थ एउटा स्थान अत्यावश्यक भईरहेकोले पनि उहाँले यस शाक्यधीता नेपालको भवन निर्माण गर्न सल्लाह दिनु भएको विषयमा प्रकाश पार्नुभयो । यस विहार निर्माणको लागि महानगरपालिकावान् आवश्यक आर्थिक सहयोग प्राप्त हुने भएकोले खुशी व्यक्त गर्नुभयो ।



*शिलान्यास गर्नुहुँदै मेयर विद्या सुन्दर शाक्य*

शाक्यधिता नेपालका सहसचिव नानी वज्राचार्यले संचालन गर्नुभएको उक्त कार्यक्रममा मेत्तावती गुरुमां, त्यागवती गुरुमां, का.म.पा. १५ वडाका प्रमुख इश्वरमान डंगोल, सम्पदा प्रमुख राम थापा, स्वकीय सचिव राजेश्वरमान स्थापित, मेयरज्यूकी श्रीमती सुचिता शाक्य, एवं शाक्यधिता नेपालका पदाधिकारीहरू लगायत अन्य व्यक्तिहरू पनि उपस्थित रहनु भएका थिए ।



*शिलान्यास कार्यक्रममा सहभागी महानुभावहरू*

अनिच्चावत संखारा उप्पादवय धम्मिनो
उपज्जित्वा निरूज्झन्ति तेसं वूपसमो सुखो







*बुन्हि:*
२०५१ दिल्लागाः अष्टमि
(वि.सं. १९८८ भाद्र १९ गते
शुक्रबाः)

*मदुगु न्हि:*
११४२ थिंलागाः द्वितीया
(वि.सं. २०७८ पौष ६ गते
मंगलबाः)

# मदुम्ह द्रब्यमान सिं तुलाधर


बुद्ध शासनिक, धार्मिक एवं सामाजिक ज्याय् ज्वःमदुगु योगदान यानाझाःम्ह दाता भाजु **द्रब्यमान सिं तुलाधर (भाईराजा साहु)** ९१ दँया वैशय् दिवंगत जुयादिल । दान पारमिताया छगू तःजिगु दसुकथं निर्वाण मूर्ति विहार, किम्डोलया धम्महल पुनः निर्माण यासे पुण्य सञ्चय यानादीम्ह वय्कः दाताया पुण्यस्मृतिस विहार प्रमुख लगायत मेपिं गुरुमांपिं व दायक समिति पाखें नं वय्कःया परलोक जीवन सुगतिमय जुयाः निर्वाण हेतु चूलाय्मा धकाः पुण्यानुमोदन यानाच्वना । नापं थुगु दुखद घडी वय्कःया परिवार दुजःपिन्सं संसारया त्रिलक्षण स्वभावयात थ्वीकाः नुगः चीफय्मा धयागु आशिका यानाच्वना ।

## निर्वाण मूर्ति किम्डोल विहार यें
## व
## सकल उपासक उपासिकापिं

बा.अ.का.द.नं. - ७०/०४०/४१ म.क्षे.हु.नि.द.नं. १७/०६५/०६६ (०७८/०७९)

# साधुवाद !

**अनिच्चावत संखारा उप्पादवय धम्मिनो**
**उपज्जित्वा निरूज्झन्ति तेसं वूपसमो सुखो**



*जन्म दिन :*
बि.सं. १९८८ कार्तिक ५ गते

*दिवंगत दिन :*
बि.सं. २०७४ मंसिर २६ गते

## दिवंगत मानकाजी शाक्य

धर्मकीर्ति पत्रिका वर्ष ३९, अङ्क ११ को रङ्गीन कभर पेज **'दिवंगत मानकाजी शाक्य'** को पुण्य स्मृतिमा उहाँका परिवारले धर्मदान गर्नुभएको छ। धर्मदान गरी सञ्चय गरिएको पुण्य शक्तिले दिवंगत हुनुभएका उपासक **मानकाजी शाक्य** लगायत सम्पूर्ण पितृजनहरूको सुगति एवं निर्वाण कामना गरी पुण्यानुमोदन गरिएको छ। साथै धर्मदान गर्नुहुने दाता सपरिवारको आयु आरोग्य एवं निरोगी कामना गर्दै उहाँहरूले बुद्ध शिक्षा अभ्यास गर्दै आ-आफ्नो जीवन सफल पार्न सकुन् भन्ने कामना गरी धर्मदानको लागि साधुवाद व्यक्त गरिएको छ।

*भवतु सब्ब मंगलम्।*

## धर्मकीर्ति पत्रिका परिवार

### धर्मकीर्ति विहार

श्रीघः नघः, काठमाडौं

मुद्रकः न्यू नेपाल प्रेस १४२ मनकामना मार्ग, नागपोखरी, काठमाडौं • फोनः ४५३३९२९, ४५३४८५० • e-mail: newnepalpress011@gmail.com